

# नेपालको संविधान कार्यान्वयन गर्न निर्माण गर्नुपर्ने कानूनको पहिचान, प्राथमिकीकरण र कानून निर्माणको विद्यमान अवस्था


नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार



# नेपालको संविधान कार्यान्वयन गर्न निर्माण गर्नुपर्ने कानूनको पहिचान, प्राथमिकीकरण र कानून निर्माणको विद्यमान अवस्था

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार

मा. अजय शंकर नायक
मन्त्री
**कानून, न्याय तथा संसदीय मामिला**

पत्र संख्या :
चलानी नं. :

नेपाल सरकार

**निजी सचिवालय**
सिंहदरबार, काठमाडौं



## मन्तव्य

नेपाल सरकारले नेपालको संविधानको प्रभावकारी कार्यान्वयनको लागि उच्च प्राथमिकतासाथ कार्यसम्पादन गरिरहेको सबैमा विदितै छ । संविधान प्रारम्भ भए पश्चात संविधान कार्यान्वयनको लागि गर्नुपर्ने कानून निर्माणको सम्बन्धमा नेपाल सरकारबाट भएको काम कारवाहीको विद्यमान अवस्थाको बारेमा जानकारी दिने उद्देश्यले नेपालको संविधान कार्यान्वयन गर्न निर्माण गर्नुपर्ने कानूनको पहिचान, तिनको प्राथमिकीकरण, कानून निर्माणको विद्यमान अवस्था तथा नेपालको कानून निर्माण प्रकृया सम्बन्धी पुस्तिका यस मन्त्रालयबाट प्रकाशन हुन लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ ।

यस पुस्तिकाले मूलतः नयाँ संविधान जारी पश्चात संविधान अनुकूल मौजुदा कानून भए नभएको सम्बन्धमा अध्ययनको निष्कर्ष, संविधान बमोजिम बनाउनु पर्ने सङ्घीय, प्रदेश र स्थानीय तहका कानूनका विषयहरुको पहिचान तथा निर्माण गर्नुपर्ने सङ्घीय कानूनको प्राथमिकीकरण, हालसम्म निर्माण भई कार्यान्वयनमा आइसकेका कानूनहरुको विवरण, मस्यौदा तयार भएका विधेयकहरुको विवरण तथा व्यवस्थापिका-संसदमा विचाराधीन विधेयकहरुको अद्यावधिक विवरण लगायत नेपालको कानून-निर्माण प्रकृया सम्बन्धी विषयवस्तुहरु समेटेको सन्दर्भमा संविधानको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक पर्ने कानून निर्माणको सन्दर्भमा नेपाल सरकारका कामकारवाहीमा चासो तथा सरोकार राख्ने आमजनता, सरोकारवाला, नागरिक समाज तथा सञ्चार कर्मी सबैलाई यस पुस्तिकाको प्रकाशनबाट अद्यावधिक जानकारी हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

अन्त्यमा, संविधान बमोजिम निर्माण गर्नुपर्ने कानूनहरुको पहिचान, तिनको प्राथमिकीकरण तथा समन्वयको लागि यस मन्त्रालयका सचिवको संयोजकत्वमा गठित निर्देशक समितिका सदस्यहरु तथा सो अन्तर्गतको उपसमितिमा रही कार्यसम्पादन गर्नु हुने राष्ट्रसेवक कर्मचारीहरुलाई नेपाल सरकारको तर्फबाट विशेष धन्यवाद दिन चाहन्छु ।

**अजयशंकर नायक**
मन्त्री,
कानून, न्याय तथा संसदीय मामिला

२०७३ पौष १० गते ।

फोन नं.:४-२११९७४ (कार्यालय), ०१-४५२३४७३ (निवास), फ्याक्स नं.: ४२११६८४, पोष्ट बक्स नं.४६८१, काठमाडौं
इमेल: ajayshankarnayak811@gmail.com

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(.............................................शाखा)

प.सं. :
च.नं. :

सिंहदरबार, काठमाण्डौ



## भुमिका

नेपाली जनताको छ दशक भन्दा बढी अवधिदेखिको आफ्नो संविधान आफूले निर्वाचित गरेका जनप्रतिनिधिहरु रहेको संविधान सभाबाट निर्माण गर्ने आकांक्षा २०७२ साल असोज ३ गते सातौं संविधानको रुपमा संविधानसभाबाट पारित एवं राष्ट्रपतिद्वारा संविधान प्रारम्भ हुने घोषणा भएको नेपालको संविधानबाट पुरा भएको छ । नेपालको संविधान कार्यान्वयनमा आएको एक वर्ष भन्दा बढी अवधि व्यतित भइसकेको छ । यस अवधिमा संविधानको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकारले उच्च प्राथमिकता दिएको छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले संविधानको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पर्ने नयाँ कानूनको निर्माण र मौजुदा कानूनहरुको पुनरावलोकन तथा परिमार्जनको कार्यलाई अवसर र चुनौतीको रुपमा स्वीकार गरी संविधान बमोजिम निर्माण गर्नुपर्ने कानूनहरुको पहिचान, तीनको प्राथमिकीकरण तथा समन्वय गर्नको लागि यस मन्त्रालयका सचिवको संयोजकत्वमा सर्वोच्च अदालत, व्यवस्थापिका- संसद सचिवालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाल कानून आयोग तथा महान्यायाधिवक्ताको कार्यालयका उच्च पदस्थ अधिकृत रहेको एक निर्देशक समिति गठन भई सो समितिले संविधान बमोजिम निर्माण तथा कानूनहरुको पहिचान, तीनको प्राथमिकीकरण तथा सम्बद्ध निकायहरुसंग समन्वयको कार्यमा दिशा निर्देश गर्ने कार्य गरिरहेको छ । साथै यस मन्त्रालयले नेपालको संविधान जारी भए पछिको पहिलो वर्षलाई "कानून निर्माण वर्ष" को रुपमा लिएको छ ।

नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७२/०८/२४ मा स्वीकृत तत्काल सुधार कार्ययोजनाले नेपालको संविधान अनुकूल हुने गरी मौजुदा कानूनमा परिमार्जन तथा संविधान कार्यान्वयन गर्न आवश्यक पर्ने नयाँ कानूनहरुको निर्माण गर्न सम्बन्धित मन्त्रालयहरुलाई जिम्मेवारी तोकेको सन्दर्भमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट यस अवधिमा नेपालको संविधान बमोजिम निर्माण गर्नुपर्ने सङ्घ, प्रदेश तथा स्थानीय तहका कानूनहरुको पहिचान गरी त्यसको प्राथमिकीकरणको कार्य समेत सम्पन्न भइसकेकोछ । मन्त्रालयले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा आफैले र अन्य मन्त्रालयको क्षेत्राधिकारभित्र परेका विषयहरुमा सम्बन्धित मन्त्रालयसंग समन्वय तथा सहजिकरण गरी संविधान कार्यान्वयन गर्न आवश्यक पर्ने कानूनहरुको निर्माण कार्यमा अग्रणी भूमिका निर्वाह गरिरहेकोछ । संविधान बमोजिम निर्माण गर्नुपर्ने केही नयाँ कानूनहरुको निर्माण तथा केही मौजुदा ऐनहरुमा संशोधन भई कार्यान्वयनमा समेत आइसकेका छन् । केही नयाँ विधेयक तथा संशोधन विधेयकहरु व्यवस्थापिका-संसदमा विचाराधीन छन् भने केही नयाँ विधेयक र संशोधन विधेयकहरु मस्यौदा तर्जुमाको चरणमा रहेका छन् ।

उल्लिखित पृष्ठभूमिमा नेपाल सरकारबाट नेपालको संविधान कार्यान्वयन गर्न निर्माण गर्नुपर्ने कानूनको पहिचान, तिनको प्राथमिकीकरण, कानून निर्माणको विद्यमान अवस्था तथा नेपालको कानून निर्माण प्रकृयाका सम्बन्धमा सर्वसाधारण जनता, सरोकारवाला, नागरिक समाज, सञ्चारकर्मी, अध्येता, संविधानको कार्यान्वयनमा चासो राख्ने सङ्घसंस्था तथा व्यक्तिलाई जानकारी दिने उद्देश्यले यो पुस्तिका

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४

नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(..................................................शाखा)

प.सं. :
च.नं. :

सिंहदरबार, काठमाण्डौ

प्रकाशन गरिएको छ । यस पुस्तिकाको प्रकाशनले संविधान कार्यान्वयनको सम्बन्धमा नेपाल सरकारले गरेका प्रयासहरुको बारेमा यथार्थ जानकारी हुने अपेक्षा गरेको छु ।

अन्त्यमा, यस पुस्तिका तयारी तथा प्रकाशन गर्ने कार्यमा सहयोग पुऱ्याउने नेपाल कानून समाजलाई विशेष धन्यवाद दिन चाहन्छु । त्यसैगरी पुस्तिका तयार गर्ने कार्यमा संलग्न यस मन्त्रालयका कर्मचारीहरु समेतलाई धन्यवाद दिन चाहन्छु ।

टेकप्रसाद ढुङ्गाना
सचिव
२०७२ पौष १० गते ।

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४

# विषय–सूची


१. सामान्य परिचय १

२. नेपालको कानून निर्माण प्रक्रिया ४
- २.१ ऐन निर्माण प्रक्रिया ४
- २.२ प्रत्यायोजित विधायन अन्तर्गतको कानून निर्माण प्रक्रिया ८
- २.३ अध्यादेश तर्जुमा प्रक्रिया ९
- २.४ बाधा अड्काउ फुकाउने आदेश ९

३. नेपालको संविधान कार्यान्वयनको लागि निर्माण गर्नुपर्ने कानून ११
- ३.१ मौजुदा कानूनहरुको पुनरावलोकन ११
- ३.२ नेपालको संविधान बमोजिम निर्माण गर्नुपर्ने कानून निर्माणको प्राथमिकीकरण १३

४. संविधान कार्यान्वयनको लागि कानून निर्माणमा भएका पहलहरु र विद्यमान अवस्था १५
- ४.१ व्यवस्थापिका–संसद्बाट पारित भएका विधेयकहरु १६
- ४.२ नेपालको संविधान जारी भएपछि व्यवस्थापिका–संसद्मा दर्ता भएका विधेयकहरु १७
- ४.३. मस्यौदा तयार भएका विधेयकहरु २०
- ४.४. सैद्धान्तिक सहमति प्राप्त विषयहरु २१

अनुसूचीहरु
- अनुसूची–१ : नेपालको संविधान बमोजिम बनाउनु पर्ने कानूनका विषयहरुको विवरण २४
- अनुसूची–२ : नेपालको संविधानको सन्दर्भमा पुनरावलोकन गरी संशोधन गर्नुपर्ने मौजुदा ऐनहरु ४४

# १ सामान्य परिचय

नेपालको संवैधानिक विकासक्रममा संविधान सभाबाट निर्मित २०७२ असोज ३ गते नेपालको सातौं संविधानको रुपमा जारी भएको नेपालको संविधानले नेपालको राज्य व्यवस्था तथा शासन प्रणालीमा महत्वपूर्ण परिवर्तन गरेको छ। यस संविधानले नेपाललाई एकात्मक राज्यव्यवस्थाबाट सङ्घीय गणतान्त्रिक राज्य व्यवस्थामा रुपान्तरण गरेकोछ। नेपालमा बहुदलीय व्यवस्थालाई संस्थागत गर्दै मौलिक हक तथा सामाजिक न्याय, वालिग मताधिकार, स्वतन्त्र न्यायप्रणाली तथा सामाजिक समावेशीकरणको माध्यमबाट नागरिकलाई एकताको सूत्रमा आबद्ध गरी समतामूलक समाजको निर्माण गर्दै नेपालको विकास तथा आर्थिक उन्नतिको आकांङ्क्षा लिएको यस संविधानको एक तिहाई भन्दा बढी धाराहरु कार्यान्वयनका लागि विभिन्न कानूनहरुको निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ।

संविधानले प्रत्याभूत गरेका कतिपय मौलिक हकहरु संविधान प्रारम्भ भएको दिनदेखि नै पूर्ण रुपमा कार्यान्वयन हुने र कतिपय मौलिक हकहरुको प्रभावकारी कार्यान्वयनको लागि कानूनको निर्माण गर्नुपर्ने प्रकृतिका रहेका छन्। संविधानले मौलिक हकको कार्यान्वयनको लागि आवश्यक पर्ने कानून तीन वर्षभित्र बनाई सक्नु पर्ने, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा भएका व्यवस्थाको प्रगतिशील कार्यान्वयन भए नभएको संसदीय अनुगमन हुने, सङ्घीय संसद् तथा प्रदेशसभामा कम्तिमा तेत्तीस प्रतिशत महिला सहितको समावेशी प्रतिनिधित्वको व्यवस्था गरेको छ । संविधानले सङ्घीय संरचना सहितको नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्रदान गर्ने र सामाजिक समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरेको सन्दर्भमा संविधान कार्यान्वयनको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय (यसपछि “कानून मन्त्रालय” भनिएको) ले करिब ११० वटा विषयमा सङ्घीय, करिब २२ वटा विषयमा प्रदेश र करिब ६ वटा विषयमा स्थानीय तहका कानूनको तर्जुमा गर्नुपर्ने गरी पहिचान गरेको छ। कानून निर्माण गर्नुपर्ने विषयहरुको विस्तृत विवरण अनुसूची–१ मा उल्लेख गरिएको छ।

नेपालको संविधानले तीन तहमा राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड गरेकोछ। सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने, सामाजिक, सांस्कृतिक संरक्षण वा आर्थिक

विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने व्यवस्था छ। त्यसै गरी नेपालको राज्य शक्तिको प्रयोग केन्द्रबाट मात्रै हुँदै आएकोमा वर्तमान संविधानले त्यस्तो अधिकार सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहबाट हुने गरी अधिकारको बाँडफाँड गरेकोछ। नेपालको संविधानले जनतासँग प्रत्यक्ष सम्बन्ध हुने स्थानीय तहलाई राज्य संरचनाको महत्वपूर्ण तहको रुपमा लिंदै त्यस्तो तहको गठन, कार्यप्रणाली र अधिकारको विषयमा समेत व्यवस्था गरेकोछ। संविधानको अनुसूची–६ मा प्रदेशको अधिकारको सूची तथा अनुसूची–७ र ९ मा साझा अधिकारका विषयहरुमा व्यवस्था गरिएको छ।

मुलुकको विकासको लागि उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दीगो आर्थिक विकास गर्ने, उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै राज्यको स्रोत र साधन कुनै वर्ग वा समुदायमा केन्द्रित हुन नदिई सबैको समान अवसर र पहुँचको स्थापना गर्ने आदर्शलाई संविधानले अङ्गीकार गरेको छ। संविधानले विकासको सम्बन्धमा लिएको आकांङ्क्षालाई यथार्थमा परिणत गर्नका लागि सङ्घ, प्रदेश र स्थानीय तहले समन्वयात्मक रुपमा कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने हुन्छ। विकास कार्यको आधारशिलाको लागि तीनवटै तहको कार्यका सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्नुपर्ने देखिन्छ। संविधानले व्यवस्था गरेको समानुपातिक समावेशीकरणको सिद्धान्तको कार्यान्वयन तथा संविधानले राखेको विकासको आकांङ्क्षा प्राप्त गर्न उपयुक्त कानूनी आधार अपरिहार्य छ।

नयाँ संवैधानिक व्यवस्थामा कानून निर्माण गर्ने अधिकार सङ्घ, प्रदेश र स्थानीय तहमा विभाजन गरिएको छ। आ–आफ्ना अधिकारका विषयमा तीनवटै तहबाट कानूनको निर्माण तथा कार्यान्वयन हुनेछ। सङ्घको एकलौटी अधिकारको सूचीमा रहेको विषय तथा साझा सूचीमा परेको विषयमा आवश्यक कानून निर्माण गर्ने अधिकार सङ्घमा रहेकोछ। त्यसै गरी सङ्घ, प्रदेश र स्थानीय तह गरी कुनै पनि तहको अधिकारको सूचीमा नपरेको विषयमा कानून निर्माण गर्ने अवशिष्ट अधिकार सङ्घमा रहेकोछ। प्रदेश र स्थानीय तहले आफ्नो एकलौटी अधिकारको सूचीमा रहेको विषयमा कानून निर्माण गर्ने तथा सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा रहेको विषयमा सङ्घीय कानूनको प्रतिकुल नहुने गरी प्रदेशले समेत कानून निर्माण गर्नसक्ने, सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा परेको विषयमा सङ्घ र प्रदेशले बनाएको कानूनको प्रतिकुल नहुने गरी स्थानीय तहले कानून निर्माण गर्न सक्ने गरी सङ्घ, प्रदेश तथा स्थानीय तह बीचको विधायिकी अधिकारको बाँडफाँड तथा विधायिकी सम्बन्ध निर्धारण गरिएको छ।

नेपालको संविधान कार्यान्वयनको लागि निर्माण गर्नुपर्ने कानूनका अतिरिक्त संविधान जारी हुनभन्दा अघि बनेका कानूनहरुको पुनरावलोकन गर्नुपर्ने अवस्था छ। नेपालको संविधानको धारा ३०४ ले संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका नेपाल कानून खारेज वा संशोधन नभएसम्म लागू रहने र संविधानसँग बाझिएको कानून संविधान बमोजिमको सङ्घीय संसदको पहिलो अधिवेशन बसेको मितिले एक वर्षपछि बाझिएको हदसम्म स्वतः अमान्य हुने व्यवस्था गरेको सन्दर्भमा मौजुदा ३१५ भन्दा बढी ऐन तथा करिब २७० को संख्यामा रहेका नियमावलीहरुलाई समेत संविधान अनुकूल बनाउनु पर्ने अवस्था छ। त्यसै गरी संविधानको धारा ४७ ले संविधानमा रहेका मौलिक हकको कार्यान्वयनको लागि तीन वर्षभित्र आवश्यक कानूनी व्यवस्था गरिसक्नुपर्ने समय निर्धारण गरेको छ।

नेपालको संविधानले सम्वत् २०७४ साल माघ ७ गते सम्मको अवधिलाई सङ्क्रमणकालीन अवधिको रुपमा व्यवस्था गरेकोछ। संविधानले निर्धारण गरेको सङ्क्रमणकालीन अवधिभित्रै स्थानीय तह, प्रदेश तथा सङ्घीय संसदको निर्वाचन लगायतका अन्य कार्य सम्पन्न गर्ने र त्यसको लागि आवश्यक कानूनी आधार तयार गर्नको लागि नेपाल सरकारले कानून निर्माणलाई उच्च प्राथमिकतामा राखेकोछ। कानून मन्त्रालयले संविधान जारी भएपछिको एक वर्षलाई कानून निर्माण–वर्षको रुपमा घोषणा गरी संविधान कार्यान्वयनको लागि निर्माण गर्नुपर्ने कानूनहरुको

पहिचान, प्राथमिकीकरण तथा समन्वय तथा सहयोगको काम गरिरहेको छ । संविधानको कार्यान्वयन गरी सङ्क्रमणकालीन अवधिको समयमै अन्त्य गर्नुपर्ने तर्फ आम जनता, नागरिक समाज, सञ्चार जगत लगायत सबै क्षेत्रबाट चासो व्यक्त भईरहेको अवस्था समेत छ।

संविधानको व्यवस्था बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार नभएको तथा सङ्घीय संसद, प्रदेशसभा तथा गाउँसभा र नगरसभाको गठन भई नसकेको विद्यमान परिस्थितिमा सङ्घीय संसद, प्रदेशसभा तथा गाउँसभा र नगरसभाको गठन नभएसम्म नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिम रुपान्तरित व्यवस्थापिका–संसद्ले कानून बनाउनु पर्ने हुन्छ।

संविधान जारी भएको एक वर्षभित्र नै भाषा आयोग गठन तथा उच्च अदालतको स्थापना गरिसक्नु पर्ने अवधि किटान गरिएको छ । त्यस्तो व्यवस्था बमोजिम भाषा आयोगको गठन तथा उच्च अदालतको स्थापना भई सकेकोछ । त्यस्तै गरी संविधानद्वारा प्रदत्त मौलिक हकको कार्यान्वयनको लागि संविधान प्रारम्भ भएको तीन वर्षभित्र आवश्यक कानूनी व्यवस्था गर्नुपर्ने बाध्यात्मक व्यवस्था रहेकोछ। सङ्घीय संसद, प्रदेशसभा तथा स्थानीय तहको निर्वाचनको लागि आवश्यक पर्ने कानूनको निर्माण, स्थानीय तहको अधिकार सम्बन्धी कानून, राजस्वका स्रोतको बाँडफाँड सम्बन्धी कानून तथा नयाँ संवैधानिक आयोग सम्बन्धी कानूनहरुको निर्माण यही सङ्क्रमणकालमा नै सम्पन्न गर्नुपर्ने अवस्था रहेको छ।

कानून निर्माणको कार्यमा कानून मन्त्रालयको सहयोग रहने भएपनि सबै कानूनको विषयमा कानून मन्त्रालय आफैले निर्माणको कार्य शुरु गर्दैन । नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम नेपाल सरकारका मन्त्रालयहरुले आफ्नो आफ्नो क्षेत्रको विषयमा कानून निर्माण कार्यको शुरुवात गर्नुपर्ने हुन्छ। कानून निर्माण प्रक्रियाका सैद्धान्तिक सहमति, मस्यौदा तयारी र मस्यौदाको विषयमा विभिन्न निकाय तथा सरोकारवालाको राय सुझाव सङ्कलन, मस्यौदा परिमार्जन, स्वीकृति तथा व्यवस्थापिका–संसद्मा पेश गर्ने, व्यवस्थापिका–संसद्मा प्रस्तुति, छलफल, संशोधन, परिमार्जन र पारित गर्ने, राष्ट्रपतिबाट प्रमाणीकरण र कानून मन्त्रालयबाट नेपाल राजपत्रमा प्रकाशन गर्ने लगायत विभिन्न चरणहरुमा राज्यका विभिन्न अङ्ग र निकायको संलग्नता रहन्छ।

यस सन्दर्भमा कानून मन्त्रालयलाई विभिन्न क्षेत्रबाट प्राप्त हुन आएका सुझाव समेतको आधारमा कानून निर्माण प्रक्रियाको बारेमा संक्षिप्त जानकारी गराउन, संविधान कार्यान्वयनको लागि बनाउनु पर्ने कानूनको विषयमा विभिन्न निकायको जिम्मेवारीको बारेमा जानकारी दिई संविधान कार्यान्वयनको लागि सहयोग पुऱ्याउने र संविधान कार्यान्वयनको लागि बनाउनु पर्ने कानूनहरुको विषय तथा कानून निर्माणको पछिल्लो अवस्थाको बारेमा अद्यावधिक जानकारी दिने उद्देश्यले यो पुस्तिका तयार गरी प्रकाशन गरिएको छ।

# २ नेपालको कानून निर्माण प्रक्रिया

कानून निर्माण प्रक्रियालाई सङ्कुचित र बृहत् अर्थमा बुझ्न सकिन्छ। सङ्कुचित अर्थमा यसले ऐन निर्माणको कार्यलाई मात्र बुझाउँछ भने बृहत् अर्थमा ऐन, नियम, विनियम, आदेश र निर्देशिकाको निर्माण समेतलाई बुझाउँछ।

प्रत्येक मुलुकका कानून निर्माण प्रक्रियाहरु आ–आफ्नै किसिमका रहेका हुन्छन्। कानून निर्माणको प्रक्रियालाई सम्बन्धित मुलुकले अवलम्बन गरेको कानूनी प्रणाली र अभ्यासले प्रभावित गरेको हुन्छ। २००७ सालमा कानून निर्माणको काम गर्नको लागि छुट्टै विशिष्टीकृत विभागको रुपमा कानून विभागको स्थापना भएको मा २०१३ सालमा कानून विभागलाई कानून मन्त्रालयमा परिणत गरिएको थियो। विभिन्न समयमा बनाइएका नेपाल सरकारको (कार्य विभाजन) नियमावलीबाट कानून मन्त्रालयलाई ऐन, नियम र आदेशहरुको तर्जुमा गर्ने जिम्मेवारी सुम्पिएको छ। यसका अलावा कानूनको मस्यौदा गर्ने कार्यमा सहयोग पुऱ्याउनको लागि कानून आयोग समेत गठन भई कानून आयोगबाट समेत कानूनहरुको मस्यौदा हुँदै आएको छ। कानून–निर्माणको कार्य स्वाभाविक रुपमा लामो, जटील र समय लाग्ने हुन्छ। यसले निश्चित प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ। व्यवस्थापिका–संसदले ऐन निर्माण गर्ने प्रक्रिया र प्रत्यायोजित अधिकार अन्तर्गत कानून–निर्माण गर्ने प्रक्रियालाई यहाँ संक्षेपमा उल्लेख गरिएको छ।

## २.१. ऐन निर्माण प्रक्रिया

सरकारी विधेयकको हकमा ऐन निर्माण प्रक्रियाको शुरुवात व्यवस्थापिका—संसद बाहिरबाट हुने गर्छ। कानून निर्माण गर्न मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृति प्राप्त गर्ने, विधेयकको मस्यौदा तयारी गर्ने र व्यवस्थापिका—संसदमा विधेयक दर्ता गर्ने सम्मका कार्य कार्यपालिकाबाट सम्पन्न हुन्छ। व्यवस्थापिका—संसदमा विधेयक दर्ता भइसके पछि त्यस्तो विधेयक व्यवस्थापन कार्यविधिको चरण अर्थात संसदीय प्रक्रियाको चरणमा प्रवेश गर्दछ र त्यस्तो चरण पार गरेपछि विधेयकले ऐनको रुप धारण गर्दछ।

क) सिद्धान्त स्वीकृति लिनुपर्नेः

नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ बमोजिम मौजुदा ऐनमा संशोधन गर्ने विधेयक बाहेक अन्य कुनै विषयमा नयाँ ऐन बनाउनु पर्ने भएमा सम्बन्धित मन्त्रालयले सर्वप्रथम नेपाल सरकार, मन्त्रिपरिषद्बाट सिद्धान्त स्वीकृति लिनुपर्ने हुन्छ। नयाँ ऐनको मस्यौदा तयार गर्ने प्रयोजनको लागि नेपाल सरकार, मन्त्रिपरिषद्बाट २०७१ भदौ १३ गते स्वीकृत भएको नयाँ ऐन बनाउने सम्बन्धमा सैद्धान्तिक सहमति माग गर्ने ढाँचामा देहायको विवरण खुलाई सम्बन्धित मन्त्रालयले अवधारणापत्र तयार गर्नु पर्ने हुन्छ।

१. नयाँ ऐन बनाउनु पर्ने आवश्यकता

   क) संवैधानिक कारण

   ख) अन्तर्राष्ट्रिय दायित्व

   ग) सर्वोच्च अदालतको फैसला

   घ) सरकारको नीति तथा कार्यक्रम

   ङ) अन्य कुनै कारण

२. नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धिहरुः

३. प्रस्तावित विषयमा कुनै मौजुदा कानून भए त्यसको :

   क) ऐनको नामः

   ख) नियमावलीको नामः

   ग) गठन आदेशको नामः

४. मौजुदा कानून संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सो को कारणः

५. प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधि (Method) बाट तर्जुमा भएको होः

   क) तार्किक पद्धति (Rational Method)

   ख) बढोत्तरी पद्धति (Incremental Method)

   ग) मिश्रित पद्धति (Mixed Method)

६. नीति निर्माणमा संलग्न प्रमुख पदाधिकारीः (मस्यौदा उपर छलफल गर्ने प्रयोजनको लागि)

७. प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तर्राष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नाम :

८. प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोरा :

९. प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभार :

१०. प्रस्तावित कानून कार्यन्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्ने :

११. प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएको :

१२. प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयहरु :

उल्लिखित ढाँचामा अवधारणापत्र तयार गरिसके पछि सम्बन्धित मन्त्रालयबाट विधेयक तर्जुमा गर्ने प्रयोजनको लागि मन्त्रिस्तरको निर्णय गराई सैद्धान्तिक सहमतिको लागि अवधारणापत्र सहित निर्णय सहितको सक्कल फाइल कानून मन्त्रालयमा पठाउनु पर्ने हुन्छ।

अवधारणापत्र सहितको सक्कल फाइल सैद्धान्तिक सहमतिको लागि प्राप्त भए पछि कानून मन्त्रालयले त्यस्तो विषयमा विद्यमान कानूनले सम्बोधन गर्न सक्ने नसक्ने, कुनै ऐनलाई संशोधन गरेर सम्बोधन हुन सक्ने नसक्ने, नेपालको संविधान, सर्वोच्च अदालतबाट प्रतिपादित नजीर, अदालतको फैसला, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा उल्लिखित दायित्वको विषयमा समेत विचार गर्दछ। त्यसरी विचार गर्दा नयाँ ऐन बनाउन आवश्यक देखिएमा कानून मन्त्रालयले मन्त्रीस्तरको निर्णयबाट नयाँ ऐन बनाउने सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्को सिद्धान्त स्वीकृति प्राप्त गर्नको लागि कारबाही अगाडि बढाउन सम्बन्धित मन्त्रालयलाई सहमति प्रदान गर्दछ।

ख) विधेयकको प्रारम्भिक मस्यौदा तयार गर्ने

नेपाल सरकार, मन्त्रिपरिषद्बाट सिद्धान्त स्वीकृति प्राप्त भए पश्चात् सम्बन्धित मन्त्रालयले ऐनको मस्यौदाको कार्य प्रारम्भ गर्नुपर्ने हुन्छ । विधेयकमा रहने विषयवस्तुको पहिचान र सरोकारवालासँग छलफल, जनताको अपेक्षा, हित समूहको माग तथा आवश्यकताको आधारमा सम्बन्धित मन्त्रालयले विधेयकको प्रारम्भिक मस्यौदा गर्ने गर्दछ । सम्बन्धित मन्त्रालयले सरोकारवाला पक्ष तथा निकाय र सम्बन्धित विषयका विशेषज्ञहरुसँग अन्तरक्रिया तथा छलफल गरी प्रचलित ढाँचामा तयार गरेको विधेयक र ऐन संशोधनको विषय भए ऐनको संशोधनको प्रारम्भिक मस्यौदा तथा त्यसको तीन महले विवरण संलग्न गरी सम्बन्धित मन्त्रालयको मन्त्रीस्तरको निर्णय सहितको सक्कल फाइल मस्यौदा तर्जुमा तथा सहमतिको लागि कानून मन्त्रालयमा पठाउनु पर्छ।

विधेयकको प्रारम्भिक मस्यौदा सहितको सक्कल फाइल प्राप्त भए पछि कानून मन्त्रालयले त्यस्तो विधेयकको सम्बन्धमा संविधानको व्यवस्था, मानव अधिकार, कानूनको शासन, कानून र न्यायका मान्य सिद्धान्त, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त, मौजुदा कानून, प्रस्तावित कानूनको कार्यान्वयनको पक्ष समेतलाई ध्यान दिई मस्यौदा तर्जुमा जाँच तथा परिमार्जन गरी सम्बन्धित मन्त्रालयलाई तर्जुमा सहमति प्रदान गर्दछ । कानून मन्त्रालयको सहमति प्राप्त भएपछि सम्बन्धित मन्त्रालयले विधेयक व्यवस्थापिका–संसदमा पेश गर्ने स्वीकृतिको लागि मन्त्रीस्तरको निर्णय गरी मन्त्रिपरिषद्मा विधेयक स्वीकृतिको लागि प्रस्ताव पेश गर्दछ।

सम्बन्धित मन्त्रालयबाट विधेयक सहितको प्रस्ताव प्राप्त भए पछि मन्त्रिपरिषद्को बैठकले आवश्यकता अनुसार विधेयकको विस्तृत छलफलको लागि विधेयक समितिमा पठाउने गर्दछ। विधेयक समितिमा

आवश्यकता अनुसार छलफल तथा परिमार्जन गरी प्रतिवेदन सहितको विधेयक व्यवस्थापिका–संसदमा पेश गर्न मन्त्रिपरिषद्को स्वीकृति प्राप्त भए पछि सम्बन्धित मन्त्रीले विधेयकको उद्देश्य र कारण, व्याख्यात्मक टिप्पणी सहितको विवरण, ऐन कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने रहेछ भने सोको आर्थिक टिप्पणी तथा कुनै विधेयकमा कानून बनाउने अधिकार प्रत्यायोजन गर्ने प्रावधान रहेछ भने प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी संलग्न गरी व्यवस्थापिका–संसद समक्ष विधेयक दर्ता गर्नुपर्ने व्यवस्था व्यवस्थापिका–संसद् नियमावली, २०७३ मा रहेको छ। त्यस्तो विधेयकको ८५० प्रतिहरु सम्बन्धित मन्त्रालयले कानून मन्त्रालय मार्फत व्यवस्थापिका–संसदमा पठाउनु पर्दछ।

ग) व्यवस्थापिका–संसद्को व्यवस्थापन कार्यविधि

नेपालको संविधानको धारा १०९ मा सङ्घीय संसदको व्यवस्थापिकीय अधिकार, धारा १९७ मा प्रदेशसभाको व्यवस्थापिकीय अधिकार र धारा २२१ मा स्थानीय तहको व्यवस्थापिकीय अधिकारको व्यवस्था गरिएको सन्दर्भमा तीनवटै तहले कानूनको निर्माण गर्ने अधिकार राख्दछन्।

नेपालको संविधानको धारा ११० मा अर्थ विधेयक, नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल लगायत सुरक्षा निकायसँग सम्बन्धित विधेयक सरकारी विधेयकको रुपमा मात्र प्रस्तुत हुन सक्ने व्यवस्था छ।

सङ्घीय संसद, प्रदेशसभा र स्थानीय तहको गठन भइनसकेको सन्दर्भमा नेपालको संविधानको धारा २९६ बमोजिम रुपान्तरित व्यवस्थापिका–संसदले नै आवश्यक कानून निर्माणको कार्य गर्ने संवैधानिक व्यवस्था छ। व्यवस्थापिका–संसदमा पेश भएका विधेयक उपर छलफल गरी पारित गर्ने सम्बन्धमा व्यवस्थापिका–संसद नियमावली, २०७३ मा उल्लिखित व्यवस्थापन कार्यविधि देहाय बमोजिम संक्षेपमा उल्लेख गरिएको छ।

**विधेयक प्रस्तुत गर्नेः** विधेयक प्रस्तुत गर्ने अनुमति प्राप्त भएपछि विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयकलाई तत्काल सदनमा प्रस्तुत गर्ने व्यवस्था रहेको छ। विधेयक प्रस्तुत भई सकेपछि विधेयक प्रस्तुतकर्ता सदस्यले देहायको कुनै एउटा प्रस्ताव प्रस्तुत गर्न सक्छ :

क) विधेयकमाथि विचार गरियोस्, वा

ख) विधेयकलाई जनताको प्रतिक्रिया प्राप्त गर्नको निमित्त प्रचार गरियोस्।

**विधेयक माथिको सामान्य छलफलः** विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावमाथि छलफल हुँदा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल गर्ने गरिन्छ भने जनताको प्रतिक्रिया प्राप्त गर्नको निमित्त प्रचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत भएमा राय सङ्कलन गरिने अवधि निर्धारित गरी सो विधेयकलाई नेपाल राजपत्रमा प्रकाशित गर्नुका साथै अन्य उपयुक्त माध्यमद्वारा प्रचार–प्रसार गरी रायहरु सङ्कलन गर्ने गरिन्छ। विधेयकमा राय सुझावहरु प्राप्त भएपछि जनताको प्रतिक्रिया सहितको त्यस्तो विधेयक माथि सदनमा विचार गरियोस् भन्ने प्रस्ताव विधेयक प्रस्तुतकर्ता सदस्यले प्रस्तुत गर्न सक्ने व्यवस्था छ।

**सामान्य छलफल समाप्त भए पछिको कार्यविधिः** विधेयक माथिको सामान्य छलफल समाप्त भए पछि विधेयकमा संशोधन पेश गर्न चाहने सदस्यले विधेयक माथिको सामान्य छलफल समाप्त भएको बहत्तर

घण्टाभित्र पेश गर्न चाहेको संशोधन सहितको सूचना व्यवस्थापिका–संसद्को महासचिव वा सचिवलाई दिनु पर्ने र त्यस्तो संशोधनको सूचना संशोधन सम्बन्धी शर्तको अधीनमा रही प्रस्तुत गर्न सकिने व्यवस्था छ। त्यस्तो संशोधनको सूचना सभामुखबाट स्वीकृत भए पछि संशोधनको सूचीमा राख्ने गरिन्छ।

**संशोधन सहितको दफावार छलफलः** विधेयकको संशोधन प्रस्ताव प्राप्त भएपछि विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने वा दफावार छलफलको लागि विधेयकलाई सम्बन्धित समितिमा पठाइयोस् भन्ने मध्ये कुनै एक प्रस्ताव पेश गर्न सक्छ। सदनमा दफावार छलफल गरियोस् भन्ने प्रस्ताव पारित भएकोमा सदनमा नै दफावार छलफल गरिन्छ भने समितिमा दफावार छलफल गरियोस् भन्ने प्रस्ताव पारित भएकोमा सो विधेयकको दफावार छलफलको लागि समितिमा पठाइन्छ। त्यस्तो विधेयकमा समितिले आफै वा उपसमितिको गठन गरी दफावार छलफल गर्दछ। उपसमिति गठन भएकोमा उपसमितिले दफावार छलफल गरी समितिमा प्रतिवेदन पेश गर्दछ र उपसमितिको प्रतिवेदन सहित समितिमा छलफल गरी समितिले प्रतिवेदन सहितको विधेयक सदनमा पेश गर्दछ।

**विधेयक पारित गर्नेः** बैठकमा विधेयकमा दफावार छलफल समाप्त भएकोमा सो समाप्त भए पछि र सम्बन्धित समितिमा दफावार छलफल भएकोमा समितिको प्रतिवेदन माथिको छलफल समाप्त भई संशोधनहरुलाई व्यवस्थापिका—संसदको निर्णयार्थ क्रमशः पेश गरिसकेपछि विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न सक्छ। त्यस्तो विधेयक व्यवस्थापिका—संसदबाट पारित भए पछि सभामुखले प्रमाणित गरी प्रमाणीकरणको लागि राष्ट्रपति समक्ष पेश गर्ने व्यवस्था छ। व्यवस्थापिका—संसदबाट पारित विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि कानून मन्त्रालयले ऐनको रुपमा नेपाल राजपत्रमा प्रकाशन गर्दछ।

## २.२. प्रत्यायोजित विधायन अन्तर्गतको कानून निर्माण प्रक्रिया

यस अन्तर्गत मुख्यरुपमा नियम, आदेश, विनियम, निर्देशिका तथा कार्यविधिहरुको निर्माण पर्दछन्। ऐनले प्रदान गरेको अधिकार अन्तर्गत रही सम्बन्धित मन्त्रालयले आवश्यकता अनुसार नियम, आदेश, निर्देशिका तथा कार्यविधिहरुको प्रारम्भिक मस्यौदा तयार गरी मन्त्रीस्तरको निर्णय गरी सम्बन्धित मन्त्रालयले तर्जुमा सहमतिको लागि कानून मन्त्रालयमा मस्यौदा सहितको सक्कल फाइल पठाउनु पर्ने हुन्छ। तर नेपाल सरकार, मन्त्रिपरिषद्को २०७३ वैशाख ३० गतेको निर्णय बमोजिम मन्त्रिपरिषद्को स्वीकृति आवश्यक नपर्ने निर्देशिका तथा कार्यविधिको मस्यौदामा कानून मन्त्रालयको तर्जुमा सहमति आवश्यक पर्दैन। संशोधनको हकमा मस्यौदा सहित तीन महले विवरण समेत संलग्न गर्नुपर्ने हुन्छ।

सम्बन्धित मन्त्रालयबाट तर्जुमा सहमतिको लागि मस्यौदा सहितको सक्कल फाइल प्राप्त भए पछि कानून मन्त्रालयले मूलतः सम्बन्धित ऐन समेतको आधारमा प्राप्त मस्यौदाको तर्जुमा, जाँच तथा परिमार्जन गरी तर्जुमा सहमति प्रदान गर्दछ।

त्यसरी तर्जुमा सहमति प्राप्त भएको मस्यौदालाई सम्बन्धित मन्त्रालयले मन्त्रिपरिषद्को स्वीकृतिको लागि पेश गर्ने र मन्त्रिपरिषद्बाट मस्यौदामा स्वीकृति प्राप्त भएपछि सम्बन्धित मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशन गर्ने

प्रयोजनको लागि मस्यौदा सम्पादनको लागि कानून मन्त्रालयमा पठाउनु पर्छ। कानून मन्त्रालयबाट सम्पादन गरी प्राप्त भएपछि सम्बन्धित मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशन गर्ने गर्दछ।

## २.३. अध्यादेश तर्जुमा प्रक्रिया

नेपालमा जारी भएका सबै संविधानले अध्यादेश जारी गर्ने प्रावधानलाई मान्यता दिएको पाइन्छ। नेपालको संविधानको धारा ११४ ले सङ्घीय संसदको दुबै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट अध्यादेश जारी हुन सक्ने व्यवस्था गरेको छ। त्यसैगरी धारा २०२ ले प्रदेशसभाको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखले अध्यादेश जारी गर्न सक्ने व्यवस्था गरेको छ।

अध्यादेशको मस्यौदा तर्जुमा गर्दा सामान्यतया विधेयक सरहकै प्रक्रिया अवलम्बन गरिन्छ। अध्यादेश जारी गर्न कानून मन्त्रालयले सहमति दिएको मस्यौदालाई नेपाल सरकार, मन्त्रिपरिषद्ले अध्यादेशको रुपमा जारी गर्न राष्ट्रपति समक्ष गरेको सिफारिसमा राष्ट्रपति सन्तुष्ट भएमा अध्यादेश जारी हुने अभ्यास छ। त्यस्तो अध्यादेश जारी भएपछि बसेको सङ्घीय संसदको दुबै सदनमा पेश गरिने व्यवस्था छ। अध्यादेश सङ्घीय संसदका दुबै सदनले स्वीकार नगरेमा, राष्ट्रपतिबाट खारेज भएमा वा दुबै सदनको बैठक बसेको साठी दिनपछि त्यस्तो अध्यादेश स्वतः निष्क्रिय हुने संवैधानिक व्यवस्था छ। यसरी जारी भएको अध्यादेश लागू रहेको अवधिमा ऐन सरह हुने र अध्यादेश स्वीकृतिको लागि व्यवस्थापिका–संसद्को बैठकमा पेश गर्नुपर्ने र स्वीकृत भएमा अध्यादेशले गरेका व्यवस्थालाई निरन्तरता दिन आवश्यक भएमा सरकारले अध्यादेश प्रतिस्थापन गर्ने विधेयक पेश गर्नु पर्ने हुन्छ।

## २.४ बाधा अड्काउ फुकाउने आदेश

कानून तर्जुमाको विषयमा चर्चा गर्दा संविधानमा रहने बाधा अड्काउ फुकाउने अधिकार सम्बन्धी प्रावधान तथा त्यसको प्रयोगको विषयमा पनि संक्षेपमा चर्चा गर्नु सान्दर्भिक हुनेछ।

संविधानको कुनै प्रावधान कुनै समयमा कार्यान्वयन हुन नसकी मुलुकमा संवैधानिक सङ्कट वा गतिरोध उत्पन्न हुन गएमा त्यस्तो सङ्कट वा गतिरोधबाट निकासका लागि संविधानको अधीनमा रही बाधा अड्काउ फुकाउ आदेश जारी गर्न सकिने व्यवस्था नेपालको संविधानको धारा ३०५ ले गरेको छ। बाधा अड्काउ फुकाउ आदेशको सम्बन्धमा सर्वोच्च अदालतले दासढुङ्गा दुर्घटनाको न्यायिक जाँचबुझ सम्बन्धी प्रश्नमा कुनै संवैधानिक अङ्ग वा निकायको गठन हुन नसकी कुनै संवैधानिक व्यवस्था कार्यान्वित हुन नसक्ने अवस्था उत्पन्न भएमा वा कुनै संवैधानिक संयन्त्रले संविधानमा व्यवस्था भए बमोजिम काम गर्न नसक्ने अवस्था उत्पन्न भई एउटा शून्यको स्थिति वा संवैधानिक गतिरोध उत्पन्न भएमा त्यसको निवारण गरी संवैधानिक संयन्त्रलाई क्रियाशील गराउनका लागि तात्कालिक समाधानको उपयुक्त वा आवश्यक व्यवस्था गर्न बाधा अड्काउ फुकाउने अधिकारको प्रयोग हुन सक्ने राय व्यक्त गरेको छ (संवैधानिक कानून सम्बन्धी केही महत्वपूर्ण नजीरहरु, सर्वोच्च अदालत, भाग १० पृ. ३६)।

बाधा अड्काउ फुकाउने अधिकारको सम्बन्धमा नेपाल सरकार वैधानिक कानून, २००४ को धारा ६६, नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ७७, नेपालको संविधान, २०१९ को धारा ९६, नेपाल अधिराज्यको

संविधान, २०४७ को धारा १२७, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५८ व्यवस्था रहेको पाइन्छ भने हाल कार्यान्वयनमा रहेको नेपालको संविधानको धारा ३०५ मा यस सम्बन्धमा व्यवस्था गरिएको छ। नेपालको संविधानको धारा ३०५ मा सङ्घीय संसदको पहिलो अधिवेशन प्रारम्भ नभएसम्म संविधानको कार्यान्वयन गर्न बाधा अड्काउ फुकाउ आदेश जारी गर्न सक्ने प्रावधान रहेको छ। वर्तमान संविधानको धारा ३०५ मा भएको बाधा अड्काउ फुकाउने आदेश जारी गर्ने अधिकारको प्रयोग सङ्क्रमणकालीन अवस्थामा मात्र गर्न सकिने व्यवस्था गरिएको छ। बाधा अड्काउ फुकाउने आदेशले संविधानको संशोधन गर्ने नभई तत्काल संविधानको कार्यान्वयनमा देखिएको बाधा वा गतिरोधको अन्त्य गर्ने मात्र हो। व्यवस्थापिका–संसद्बाट अनुमोदन भएपनि त्यस्तो आदेश संविधानको अङ्ग बन्न सक्दैन।

# ३ नेपालको संविधान कार्यान्वयनको लागि निर्माण गर्नुपर्ने कानून

नेपालको संविधानको व्यवस्था कार्यान्वयनको लागि करिब एकसय अठ्तीस भन्दा बढी विषयमा कानून निर्माण गर्नुपर्ने आवश्यकताको पहिचान कानून मन्त्रालयले गरेको छ । यसरी पहिचान गरिएका कानूनलाई संविधानले सम्बन्धित तहलाई दिइएको अधिकार बमोजिम सङ्घीय कानून, प्रदेश कानून र स्थानीय कानूनको रुपमा विभाजन गरेको छ। संविधान कार्यान्वयनको लागि तीनवटै तहबाट कानूनको निर्माण गर्नुपर्ने आवश्यकता रहेको पाइन्छ । संविधानका अधिकांश प्रावधानहरुले कार्यान्वयनको लागि कानूनको माग गर्दछन् भने सम्बन्धित धारामा कानून बनाउनु पर्ने उल्लेख नभए पनि कतिपय प्रावधानको कार्यान्वयनको लागि कानून बनाउनै पर्ने आवश्यकता रहेको देखिन्छ। प्रदेशसभाको गठन नभएसम्म प्रदेशको अधिकारको विषयमा समेत संविधानको धारा २९६ बमोजिमको व्यवस्थापिका–संसद्ले कानून बनाउन सक्ने संवैधानिक अधिकार रहेको सन्दर्भमा प्रदेशलाई क्रियाशील बनाउन कतिपय प्रदेशका अधिकारका विषयमा समेत कानून निर्माण गर्नुपर्ने देखिन्छ।

कतिपय विषयका कानूनको सन्दर्भमा संविधानले नै समयावधि निर्धारण गरिदिएको र कतिपय विषयमा संविधानको कार्यान्वयन तथा विषयवस्तुको सन्दर्भबाट विश्लेषण गर्दा संविधान बमोजिम बनाउनु पर्ने तथा सुधार गर्नुपर्ने कानूनलाई पहिलो प्राथमिकता, दोस्रो प्राथमिकता, तेस्रो प्राथमिकता र आवश्यकता अनुसार बनाउन सकिने गरी अध्ययन गर्न सकिन्छ। संविधान बमोजिम बनाउनु पर्ने कानूनका विषयवस्तु विभिन्न मन्त्रालयसँग सम्बन्धित छन् । त्यस्ता विषयहरु मध्ये कतिपय विषयहरु विभिन्न निकाय तथा मन्त्रालयसँग अन्तरसम्बन्धित रहेको कारण विभिन्न निकायको समन्वयमा एकीकृत र विस्तृत अध्ययनबाट कानून निर्माणको कार्य गर्न सकिने अवस्थामा रहेका छन्।

## ३.१. मौजुदा कानूनहरूको पुनरावलोकन

नेपालको संविधान जारी हुँदाका बखत लागू रहेका कानूनहरुको समेत संविधानको सन्दर्भमा पुनरावलोकन हुन आवश्यक छ । नेपालको संविधान सङ्घीय संरचना सहित जारी भएको र एकात्मक राज्य संरचनाको सन्दर्भमा निर्माण भई हाल बहाल

रहेका ३१५ भन्दा बढी ऐन तथा करिब २७० को संख्यामा रहेका नियमावलीहरुलाई पुनरावलोकन गर्नुपर्ने अवस्था छ। कानून मन्त्रालयको प्रारम्भिक अध्ययनबाट हाल लागू रहेका ३१५ ऐनहरुमध्ये ७३ वटा ऐनहरु बाहेक बाँकी ऐनहरुमा केही न केही संशोधन गर्नुपर्ने आवश्यकता देखिएको छ। हाल लागू रहेका ३१५ वटा ऐनहरुको अध्ययन गर्दा १७० वटा ऐनहरुमा केही नेपाल ऐन संशोधन गर्ने ऐनबाट, ४० वटा ऐनहरुमा संशोधनको बेग्लै मस्यौदा बनाउनु पर्ने, १९ वटा ऐनहरुलाई प्रतिस्थापन गर्ने विधेयकबाट संशोधन परिमार्जन तथा सुधार गर्नुपर्ने देखिएको छ। त्यस्ता ऐनहरुको विवरण अनुसूची–२ मा उल्लेख गरिएको छ।

मौजुदा ऐनमा संशोधन गर्न संशोधनको बेग्लै मस्यौदा आवश्यक पर्ने वा नयाँ विधेयक मस्यौदा बनाउनु पर्ने देखिएका विषयमा त्यस्तो संशोधन मस्यौदा तर्जुमा गरी कारवाही अगाडि बढाउन सम्बन्धित मन्त्रालयलाई अनुरोध गरिसकिएको छ। साथै तत्काल संशोधन गर्न आवश्यक नदेखिएका ऐनहरुको हकमा समेत प्रदेश तथा स्थानीय तहमा बन्नुपर्ने कानूनको सन्दर्भमा र त्यस्तो कानून बनिसकेपछि पर्ने प्रभावको विषय समेत आंकलन गरी सम्बन्धित मन्त्रालयबाट थप अध्ययन तथा विश्लेषण गरी कानून संशोधनको कार्य प्रारम्भ गर्नको लागि नेपालको संविधान जारी भए लगत्तै कानून मन्त्रालयले नेपाल सरकारका विभिन्न मन्त्रालयलाई अनुरोध गरी त्यसको समन्वय तथा सहयोगको काम गरी रहेको छ। मौजुदा कानूनको संशोधन प्रक्रियालाई समेत संविधानको कार्यान्वयनको प्रक्रिया र प्राथमिकतासँगै अगाडि बढाउन आवश्यक देखिन्छ। संशोधनको लागि बेग्लै मस्यौदा तयार गर्नुपर्ने ऐनहरुलाई पहिचान गरी सम्बन्धित मन्त्रालयबाट संशोधन प्रक्रिया अगाडि बढाउनु पर्ने देखिन्छ। मौजुदा ऐनहरुमा संशोधनका साथ साथै नियमावलीको संशोधन प्रक्रिया समेत अगाडि बढाउन आवश्यक छ।

नेपालको संविधानका विभिन्न धाराहरुको कार्यान्वयनको लागि बनाउनु पर्ने कानूनको सम्बन्धमा फरक फरक शब्दावलीहरु प्रयोग भएको पाइन्छ। संविधान बमोजिम ऐनबाट मात्रै कानूनी व्यवस्था गर्न आवश्यक ठानेको विषयमा ऐन बमोजिम भन्ने र नियमावलीबाट पनि कार्यान्वयन गर्न सकिने विषयमा कानून बमोजिम भन्ने शब्दावली प्रयोग गरेको पाइन्छ। ऐनबाटै व्यवस्था गर्नुपर्ने विषय बाहेक कतिपय विषयमा नियमावलीबाट समेत व्यवस्था गर्न सकिने हुन्छ। यस प्रकृतिका विषयहरुमा व्यवस्थापिका–संसद्को कार्यविधि तथा सरकारको कार्यसम्पादन तथा कार्य विभाजन सम्बन्धी विषयहरु रहेका छन्। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ तथा व्यवस्थापिका–संसद् नियमावली,२०७३ समेतका कतिपय नियमावलीहरु नयाँ जारी भईसकेको अवस्था छ। त्यसको अतिरिक्त मौजुदा नियमावलीहरुलाई समेत संविधानको व्यवस्था अनुसार मिलाउनु पर्ने हुन्छ। नेपाल सरकारले ऐनको विषयहरुलाई प्राथमिकता दिएको तथा त्यस्ता ऐनहरुलाई संविधानको व्यवस्था बमोजिम समायोजन गर्नको लागि आवश्यक कार्य थालनी गरेको भए तापनि नियमावलीको विषयमा त्यस्तो अध्ययन तथा सुधारको ठोस रुपमा कार्य भएको पाइदैन। नेपाल सरकारले जारी गरेका हाल लागू रहेका नियमावलीहरु तथा विभिन्न स्वायत्त निकायहरुले बनाएका नियमावलीहरुलाई समेत मौलिक हक, समावेशीताको सन्दर्भ तथा संविधानको भावना र उद्देश्य बमोजिम सुधार गर्नुपर्ने र सरकारबाट जारी भएका नियमावलीहरुको सम्बन्धमा अध्ययन हुनु पर्ने देखिएको छ।

## ३.२. नेपालको संविधान बमोजिम निर्माण गर्नुपर्ने कानून निर्माणको प्राथमिकीकरण

नेपालको संविधानका विभिन्न धाराहरुले त्यस्तो धाराहरुको कार्यान्वयनको लागि सङ्घ, प्रदेश वा स्थानीय तहबाट कानून बन्नु पर्ने व्यवस्था गरेका छन् । सङ्घ, प्रदेश र स्थानीय तह गरी करिब १३८ भन्दा बढी विषयका कानून बनाउनु पर्ने संविधानको धारागत अध्ययनबाट देखिन आएकोछ। त्यसै गरी संविधानका कतिपय धाराले नै कानून बनाउनु पर्ने स्पष्ट उल्लेख गरेको नभए तापनि त्यस्तो व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि कानून बनाउनु पर्ने देखिएको छ। उदाहरणको लागि उपयुक्त आवासको हक नागरिकको मौलिक हकको रुपमा व्यवस्था भएको र त्यस्तो हकको कार्यान्वयनको लागि संविधानले कानून बनाउन निर्देश गरेको नभए तापनि कानूनको अभावमा आवासको हकको कार्यान्वयन सुनिश्चित हुन सक्ने अवस्था छैन । त्यसै गरी संविधानका कतिपय धाराले कानून निर्माणको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा समय सीमा समेत निर्धारण गरेको पाइन्छ। उच्च अदालतको स्थापना सङ्घीय कानून बमोजिम हुने व्यवस्था गर्दै त्यस्तो उच्च अदालत संविधान जारी भएको एकवर्ष भित्र स्थापना गरिने संवैधानिक व्यवस्था यसको एक उदाहरण हो।

यसरी संविधान कार्यान्वयनको लागि निर्माण गर्नुपर्ने कानून तथा मौजुदा कानूनलाई पुनरावलोकनको सम्बन्धमा प्राथमिकीकरण गर्दा संविधानले नै छ महिना वा एकवर्ष भित्र निर्माण गर्नुपर्ने गरी अवधि किटान गरेको र २०७४ साल माघ ७ गतेभित्र स्थानीय तह, प्रदेशसभा र सङ्घीय संसद्को निर्वाचन सम्पन्न गर्नको लागि आवश्यक पर्ने ऐन समेतलाई मध्यनजर गरी पहिलो प्राथमिकता निर्धारण गरिएको छ। सो बाहेकका अन्य विषयलाई दोस्रो र तेस्रो प्राथमिकतामा राखी प्राथमिकताक्रम निर्धारण गरिएको छ।

क) पहिलो प्राथमिकतामा राखिएका विषयहरु

नेपालको संविधान लागू भएको एकवर्ष भित्र उच्च अदालतको स्थापना गरिसक्नु पर्ने व्यवस्था संविधानले गरेकोछ । त्यसै गरी २०७४ साल माघ ७ गतेभित्र सङ्घीय संसदका प्रतिनिधिसभा र राष्ट्रियसभा, प्रदेशसभा तथा स्थानीय तहको निर्वाचन सम्पन्न गरी त्यस्ता निकाय कार्यान्वयनमा ल्याईसक्नु पर्ने हुन्छ। स्थानीय तह, प्रदेशसभा, प्रतिनिधिसभा र राष्ट्रियसभाको निर्वाचन सम्पन्न नभएसम्म संविधानले निर्दिष्ट गरेको कानून निर्माण गर्ने विधायिकी अङ्ग आउन नसक्ने तथा सरकार गठन हुन नसक्ने अवस्था सृजना हुने र अर्को तर्फ रुपान्तरित व्यवस्थापिका–संसद्को अवधि समेत समाप्त हुने भएकोले निर्वाचन सम्पन्न गर्न आवश्यक सबै कानूनलाई पहिलो प्राथमिकतामा राखिएको छ।

नेपालको संविधानको धारा ५६ बमोजिम गाउँपालिका तथा नगरपालिकाको वडाको संख्या निर्धारण सम्बन्धी कानून, न्याय प्रशासन सम्बन्धी कानूनहरु, संविधान बमोजिमका संबैधानिक आयोग सम्बन्धी कानूनहरु, भाषा आयोग लगायतका कानून यस प्राथमिकतामा पर्दछन् । त्यसै गरी मौजुदा ऐनहरुको सन्दर्भमा समेत सोही आधारमा प्राथमिकता निर्धारण गरी संशोधनको प्रक्रिया प्रारम्भ गर्नुपर्ने देखिन्छ । अनुचित कार्यलाई संविधानले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारबाट हटाएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, संवैधानिक इजलासको व्यवस्था गर्नुपर्ने संवैधानिक व्यवस्थाको सन्दर्भमा सर्वोच्च अदालत ऐन, २०४८, संवैधानिक निकायको थप व्यवस्था गरेको सन्दर्भमा संवैधानिक निकायका पदाधिकारीहरुको सेवाको शर्त तथा सुविधा सम्बन्धी ऐन, २०५३ लगायतका ऐनहरुको संशोधनलाई प्राथमिकता दिइएको छ।

ख) दोस्रो प्राथमिकतामा राखिएका विषयहरु

नेपालको संविधान बमोजिम २०७४ साल माघ ७ गते अगावै निर्माण गर्नुपर्ने गरी समयावधी निर्धारण नभएका तथा सङ्घीय संसद्, प्रदेशसभा र स्थानीय तहको निर्वाचन सम्पन्न गर्नको लागि अपरिहार्य नरहेका र त्यस्ता तहको गठन भएपछि आवश्यक पर्ने कानूनहरुलाई यस अन्तर्गत राखिएको छ। यस प्राथमिकतामा दलितको सामाजिक सुरक्षा र बसोबास सम्बन्धी कानून, प्रदेश न्याय सेवा आयोग सम्बन्धी कानून, प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय सम्बन्धी कानून, प्राकृतिक स्रोतको उपयोग र विकासबाट प्राप्त लाभको समन्यायिक वितरण सम्बन्धी कानून, प्राकृतिक स्रोतको उपयोग र विकासमा स्थानीय समुदायको लगानी सम्बन्धी कानून, स्वास्थ्य सेवा उपचार र पहुँच सम्बन्धी कानून लगायतका विषय यस प्राथमिकतामा राखिएको छ।

ग) तेस्रो प्राथमिकतामा राखिएका विषयहरु

नेपालको संविधान कार्यान्वयनको लागि बनाउनु पर्ने सङ्घीय कानूनहरु मध्ये पहिलो र दोस्रो प्राथमिकतामा नपरेका विषयहरुलाई यस प्राथमिकतामा राखिएकोछ। यस अन्तर्गत रोजगारी र बेरोजगार सहायता सम्बन्धी कानून, आवासको अधिकार सम्बन्धी कानून, सम्पत्तिको उपयोग सम्बन्धी कानून, सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय सम्बन्धी कानून, धार्मिक गुठी सञ्चालन तथा जनमत संङ्ग्रह सम्बन्धी कानून लगायतका कानून यस प्राथमिकताक्रममा राखिएको छ।

घ) आवश्यकता अनुसार बनाउनु पर्ने अन्य कानून

संविधानका सम्बन्धित धाराहरुमानै कानून बनाउनु पर्ने गरी व्यवस्था गरेका सङ्घीय कानूका विषयहरुलाई माथिका प्रकरणहरुमा पहिलो, दोस्रो र तेस्रो प्राथमिकतामा उल्लेख गरियो। त्यसरी प्राथमिकतामा राखिएका विषयहरु बाहेक अन्य कतिपय विषयमा राज्यको आवश्यकता तथा क्षमताको आधारमा कानून बनाई कार्यान्वयन गर्ने विषयहरु संविधानमा रहेका छन्। नेपालको संविधान बमोजिम राज्य सञ्चालनका लागि अख्तियार गरिएका राज्यको सिद्धान्त तथा नीतिको विषयलाई कार्यान्वयन गर्न तथा संविधानको विभिन्न अनुसूचीमा रहेका सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारका विषयहरु र अन्य कतिपय राज्यको क्षमता तथा स्रोतको आधारमा क्रमशः व्यवस्था गर्दै जान सकिने विषयहरुमा आवश्यकता अनुसार कानून निर्माण गर्दै जानु पर्ने देखिएको छ।

# ४ संविधान कार्यान्वयनको लागि कानून निर्माणमा भएका पहलहरू र विद्यमान अवस्था

नेपालको संविधान जारी भएपछिको पहिलो वर्षलाई कानून मन्त्रालयबाट कानून निर्माणको वर्षको रुपमा लिई संविधान बमोजिम निर्माण गर्नुपर्ने कानूनहरुको पहिचान, प्राथमिकीकरण तथा समन्वय गर्नको लागि कानून मन्त्रालयका सचिवको संयोजकत्वमा एक निर्देशक समिति गठन गरिएको छ । सो समितिले संविधान बमोजिम निर्माण गर्नुपर्ने कानूनहरुको पहिचान तथा प्राथमिकीकरणको कार्य गरेकोछ । मौजुदा कानूनहरुलाई संविधानको व्यवस्था अनुकूल बनाउनको लागि कानून मन्त्रालयले संशोधन गर्नुपर्ने कानूनहरुको पहिचान गरी संशोधनको प्रक्रिया अगाडि बढाउन विभिन्न मन्त्रालयलाई अनुरोध गर्नुको साथै तत्सम्बन्धमा सहयोग, समन्वय र सहजीकरण समेत गरिरहेको छ।

नेपाल सरकार, मन्त्रिपरिषद्बाट २०७२ मंसीर २४ गते स्वीकृत भएको तत्काल सुधारको कार्य योजनामा संविधान बमोजिम निर्माण गर्नुपर्ने कानून तथा मौजुदा कानूनको पुनरावलोकनको लागि त्यस्ता कानूनको पहिचान, प्राथमिकीकरण तथा तत्काल कार्य प्रारम्भ गर्नको लागि कार्ययोजना समेत निर्धारण गरेको तथा सो बमोजिम कार्यान्वयनको लागि समेत पहल भएको छ।

त्यसै गरी मौजुदा ऐनहरुमा रहेका संविधान अनुरुप बनाउनु पर्ने कतिपय शब्दावली समेत मिलाउने सन्दर्भमा तत्काल संशोधन गर्न आवश्यक देखिएका ऐनमा संशोधनको लागि कानून मन्त्रालयले व्यवस्थापिका–संसद्मा पेश गरेको केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक व्यवस्थापिका–संसद्बाट २०७३ सालको फागुनमा पारित भई १९३ वटा ऐनमा संशोधन गरिसकिएको छ।

नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७३ असार २ गते स्वीकृत भई सरकारको प्रतिबद्धताको रुपमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीले व्यवस्थापिका—संसद्मा पेश गर्नु भएको २०७४ माघ ७ गते भित्र कार्य सम्पन्न हुने गरी तयार गरिएको संविधान कार्यान्वयन कार्ययोजनामा समेत सङ्घीयताको कार्यान्वयन तथा तत्सम्बन्धी आवश्यक कानूनको निर्माणको प्राथमिकीकरण गरी कार्यान्वयनको लागि काम भईरहेको छ । सम्माननीय राष्ट्रपतिज्यूबाट व्यवस्थापिका–संसद्मा पेश भई पारित भएको आर्थिक वर्ष २०७३/७४ को नेपाल सरकारको नीति तथा कार्यक्रममा संविधान बमोजिम निर्माण गर्नुपर्ने करिब १३८ विषयका कानून निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखिएको

छ। सरकारको नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि आर्थिक वर्ष २०७३/७४ को बजेटमा समेत आवश्यक रकमको व्यवस्था भएकोछ।

त्यसै गरी कानून सुधार तथा तर्जुमाको जिम्मेवारी रहेको नेपाल कानून आयोगबाट समेत संविधान बमोजिम निर्माण गर्नुपर्ने कानूनहरुको अध्ययन तथा मस्यौदा तर्जुमाको कार्यलाई अगाडि बढाईएको छ। यस क्रममा गोपनीयता सम्बन्धी कानून, प्रदेश न्याय सेवा आयोगको गठन सम्बन्धी कानून, मौलिक हकको कार्यान्वयनको लागि प्रचलित नेपाल कानूनमा पुनरावलोकन, ज्येष्ठ नागरिकको हक, महाभियोग सम्बन्धी कानूनको विषयमा अध्ययन तथा मस्यौदा तयारीको लागि नेपाल कानून आयोगलाई जिम्मेवारी दिइएको छ। यस मध्ये ज्येष्ठ नागरिकको हक, महाभियोग सम्बन्धी विषयमा मस्यौदा पेश भईसकेको छ। संविधान कार्यान्वयनको लागि हालसम्म भएका अन्य पहल तथा विद्यमान अवस्थाको देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ :—

## ४.१. व्यवस्थापिका–संसद्बाट पारित भएका विधेयकहरू

नेपालको संविधान जारी भएपछि संविधानले निर्धारण गरेको समय सीमाभित्रै उच्च अदालतको स्थापना गर्नको लागि न्याय प्रशासन सम्बन्धी चार वटा विधेयकहरु पेश गरेकोमा ती विधेयकहरु पारित भई ऐनको रुपमा जारी भईसकेका छन्। त्यसै गरी नेपालको संविधानको व्यवस्थासँग मेल नखाएका व्यवस्था तथा शब्दावलीहरुको संशोधन गरी मिलाउनको लागि १९३ वटा ऐन संशोधन गर्ने गरी प्रस्ताव गरिएको केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक तथा शिक्षा ऐन को (आठौं संशोधन) विधेयक पारित भई ऐनको रुपमा जारी भइसकेको छ। सो बाहेक नेपालको संविधान जारी भएपछि व्यवस्थापिका–संसद्बाट पारित भएका विधेयकहरुको विवरण देहाय बमोजिम छ :

| क्र.सं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| १. | भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ | २०७२।९।५ |
| २. | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ | २०७२।१०।१२ |
| ३. | खोप ऐन, २०७२ | २०७२।१०।१२ |
| ४. | राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ | २०७२।१०।१२ |
| ५. | मेलमिलाप सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७२ | २०७२।१०।१२ |
| ६. | केही नेपाल ऐन संशोधन ऐन, २०७२ | २०७२।११।१३ |
| ७. | मानव अङ्ग प्रत्यारोपण (पहिलो संशोधन) ऐन, २०७२ | २०७२।११।१३ |
| ८. | नेपालको संविधान पहिलो संशोधन | २०७२।११।१६ |
| ९. | शिक्षा (आठौं संशोधन) ऐन, २०७३ | २०७३।३।१५ |
| १०. | सार्वजनिक खरिद (दोस्रो संशोधन) ऐन, २०७३ | २०७३।३।३० |

| क्र.सं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| ११. | नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ | २०७३।३।३० |
| १२. | विनियोजन ऐन, २०७३ | २०७३।३।३० |
| १३. | सर्वोच्च अदालत (पहिलो संशोधन) ऐन, २०७३ | २०७३।५।२७ |
| १४. | न्याय सेवा आयोग ऐन, २०७३ | २०७३।५।२७ |
| १५. | न्याय प्रशासन ऐन, २०७३ | २०७३।५।२७ |
| १६. | न्याय परिषद् ऐन, २०७३ | २०७३।५।२७ |
| १७. | विशेष आर्थिक क्षेत्र ऐन, २०७३ | २०७३।६।१८ |
| १८. | कर्मचारी सञ्चय कोष (नवौं संशोधन) ऐन, २०७३ | २०७३।६।१८ |
| १९. | लेखा परीक्षण (पहिलो संशोधन) ऐन, २०७३ | २०७३।६।१८ |
| २०. | निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ | २०७३।६।१८ |
| २१. | बैङ्किङ् कसूर र सजाय (पहिलो संशोधन) ऐन, २०७३ | २०७३।६।१८ |
| २२. | सवारी तथा यातायात व्यवस्था (दोस्रो संशोधन) ऐन, २०७३ | २०७३।६।१८ |
| २३. | नेपाल राष्ट्र बैक (दोस्रो संशोधन) ऐन,२०७३ | २०७३।७।२९ |
| २४. | वन (दोश्रो संशोधन) ऐन, २०७३ | २०७३।७।२९ |
| २५. | आर्थिक ऐन, २०७३ | २०७३।७।२९ |
| २६. | ऋृण तथा जमानत (एक्काइसौं संशोधन) ऐन, २०७३ | २०७३।७।२९ |
| २७. | राष्ट्र ऋृण उठाउने ऐन, २०७३ | २०७३।७।२९ |
| २८. | औद्योगिक व्यवसाय ऐन, २०७३ | २०७३।८।७ |
| २९. | सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक सुविधा तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७३ | २०७३।८।७ |

## ४.२. नेपालको संविधान जारी भए पछि व्यवस्थापिका–संसद्मा दर्ता भएका विधेयकहरू

नेपालको संविधान जारी भए पछि सालवसाली रुपमा जारी हुने आर्थिक विधेयकहरु बाहेक नयाँ विषयमा ऐन बनाउन, प्रचलित ऐनलाई प्रतिस्थापन गरी नयाँ ऐन बनाउन वा मौजुदा ऐनलाई संशोधन गर्नको लागि विभिन्न २७ विधेयकहरु व्यवस्थापिका–संसद्मा दर्ता गराई सकिएको छ । नेपाल सरकारले दर्ता गराएका कतिपय विधेयकहरु संविधान कार्यान्वयनको लागि प्रत्यक्ष रुपले सम्बन्धित छन् भने कतिपय संविधानको कार्यान्वयनको लागि

परोक्ष रुपमा सहयोग पुऱ्याउने प्रकृतिका छन्। व्यवस्थापिका–संसद्मा दर्ता गरिएका विधेयहरुमध्ये कतिपय पारित भई ऐनको रुपमा जारी भईसकेका र कतिपय व्यवस्थापिका–संसद्को विधायिकी प्रक्रियाको विभिन्न चरणमा रहेका छन्। त्यसै गरी नेपालको संविधान जारी हुनु पहिले नै व्यवस्थापिका—संसदमा दर्ता भएका विभिन्न २० वटा विधेयकहरु समेत व्यवस्थापिका–संसद्मा विचाराधीन छन्। संविधान जारी हुनु पूर्व र जारी भएपछि व्यवस्थापिका संसदमा दर्ता भई हाल विचाराधीन विधेयकहरुको संख्या ३९ रहेको छ।

संविधान जारी भए पछि सालबसाली रुपमा जारी हुने आर्थिक विधेयक बाहेक नेपाल सरकारले व्यवस्थापिका–संसद्मा दर्ता गराई हाल व्यवस्थापिका–संसद्मा विचाराधीन तथा संविधान जारी हुनु पूर्व व्यवस्थापिका–संसद्मा दर्ता भई हाल विचाराधीन विधेयकहरुको विवरण देहाय बमोजिम छ :

क) संविधान जारी भएपछि व्यवस्थापिका–संसद्मा दर्ता भएका विधेयकहरु मध्ये विचाराधीन रहेका विधेयकहरु

| क्र.सं. | विधेयकको नाम |
|---|---|
| १. | सिंचाई सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, |
| २. | अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, |
| ३. | वनस्पति तथा वनस्पति श्रोतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, |
| ४. | श्रम सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, |
| ५. | राष्ट्रिय सुरक्षा परिषद्को काम, कर्तव्य, अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, |
| ६. | सहकारी सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, |
| ७. | राष्ट्रिय चिकित्सा शिक्षा सम्बन्धी विधेयक, |
| ८. | लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, |
| ९. | राष्ट्रिय दलित आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, |
| १०. | राष्ट्रिय समावेशी आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, |
| ११. | आदिवासी जनजाति आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, |
| १२. | मधेसी आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, |
| १३. | थारु आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, |
| १४. | मुस्लिम आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, |
| १५. | मतदाता नामावली सम्बन्धी विधेयक, |
| १६. | निर्वाचन आयोग सम्बन्धी विधेयक, |
| १७. | राजनीतिक दल सम्बन्धी विधेयक, |

| क्र.सं. | विधेयकको नाम |
|---|---|
| १८. | राष्ट्रिय महिला आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, |
| १९. | स्थानीय तहको निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, |
| २०. | निर्वाचन (कसुर र सजाय) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, |
| २१. | कम्पनी ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक। |

ख) संविधान जारी हुनु पूर्व व्यवस्थापिका–संसद्मा दर्ता भई हाल विचाराधीन रहेका विधेयकहरु

| क्र.सं. | विधेयकको नाम |
|---|---|
| १. | अदालतको अवहेलना सम्बन्धी विधेयक, |
| २. | सामाजिक व्यवहार सुधार सम्बन्धी विधेयक, |
| ३. | स्थानीय स्वायत्त शासन (पहिलो संशोधन) विधेयक, |
| ४. | देवानी संहिता, |
| ५. | देवानी कार्यविधि संहिता, |
| ६. | अपराध संहिता, |
| ७. | फौजदारी कार्यविधि संहिता, |
| ८. | फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) विधेयक, |
| ९. | बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक, |
| १०. | नेपाल स्काउट (दोस्रो संशोधन) विधेयक, |
| ११. | केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, |
| १२. | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (पाँचौ संशोधन) विधेयक, |
| १३. | राजर्षिजनक विश्वविद्यालय विधेयक, |
| १४. | नेपालगञ्ज विश्वविद्यालय विधेयक, |
| १५. | नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक, |
| १६. | निजी सुरक्षा सेवा व्यवसाय (नियमित र व्यवस्थित) गर्ने विधेयक, |
| १७. | यातना तथा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार (नियन्त्रण) विधेयक, |
| १८. | सामाजिक सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, |

| क्र.सं. | विधेयकको नाम |
|---|---|
| १९. | भूमिगत जलस्रोतको संरक्षण तथा नियमन गर्न बनेको विधेयक, |
| २०. | सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको प्रजातीको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण गर्ने सम्बन्धमा बनेको विधेयक। |

# ४.३. मस्यौदा तयार भएका विधेयकहरू

| क्र.सं. | विधेयकको नाम |
|---|---|
| १. | भाषा आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, |
| २. | सङ्घीय आकस्मिक कोषको व्यवस्था गर्न बनेको विधेयक, |
| ३. | सार्वजनिक सुरक्षा (तेस्रो संशोधन) विधेयक, |
| ४. | वस्तु विनिमय बजार सम्बन्धी विधेयक, |
| ५. | ख्वप विश्वविद्यालय सम्बन्धी विधेयक, |
| ६. | निर्वाचन क्षेत्र निर्धारण आयोग सम्बन्धी विधेयक, |
| ७. | जातीय भेदभाव र छुवाछुत (कसूर र सजाय) (पहिलो संशोधन) विधेयक, |
| ८. | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग विधेयक, |
| ९. | विद्युत ऊर्जा सङ्कट निवारण विधेयक , |
| १०. | निर्वाचन (कसुर र सजाय) सम्बन्धी विधेयक, |
| ११. | सङ्घीय लेखा परीक्षण विधेयक, |
| १२. | विद्युत नियमन आयोग विधेयक, |
| १३. | विद्युत विधेयक, |
| १४. | स्थानीय तह निर्वाचन सम्बन्धी विधेयक, |
| १५. | सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्बन्धी विधेयक, |
| १६. | उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्बन्धी विधेयक, |
| १७. | महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, |
| १८. | महाभियोग सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, |
| १९. | अपराध पीडितको हक सम्बन्धी विधेयक। |

## ४.४. सैद्धान्तिक सहमति प्राप्त विषयहरू

| क्र.सं. | विधेयकको नाम |
|---|---|
| १. | सार्वजनिक निजी साझेदारीका आधारमा पूर्वाधार संरचनाको निर्माण र विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, |
| २. | सामाजिक विज्ञान अनुसन्धान परिषद् स्थापना गर्ने सम्बन्धी विधेयक, |
| ३. | बाँधाश्रम (निषेध र पुनस्थापन) सम्बन्धी विधेयक, |
| ४. | प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी विधेयक, |
| ५. | राजस्व बोर्ड गठन सम्बन्धी विधेयक, |
| ६. | कर संहिताको विधेयक, |
| ७. | ऋण तथा जमानत सम्बन्धी विधेयक, |
| ८. | योगदानमा आधारित निवृत्तभरण कोष स्थापना सम्बन्धी विधेयक, |
| ९. | सङ्घीय संचित कोषबाट प्रदान गर्ने सशर्त, समपूरक र विशेष अनुदान सम्बन्धी विधेयक, |
| १०. | सङ्घीय आर्थिक कार्यविधि सम्बन्धी विधेयक, |
| ११. | सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा वित्तीय अनुशासन सम्बन्धी विधेयक, |
| १२. | प्रदेश तथा स्थानीय तहको बजेट पेश गर्ने समय सम्बन्धी विधेयक, |
| १३. | प्रयोगशाला सम्बन्धी विधेयक, |
| १४. | विदेशी विनिमय व्यवस्थापन गर्ने विधेयक, |
| १५. | शहिद दशरथचन्द स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना र संचालन विधेयक, |
| १६. | संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी विधेयक, |
| १७. | भू–उपयोग सम्बन्धी विधेयक, |
| १८. | जनस्वास्थ्य सम्बन्धी विधेयक, |
| १९. | विद्युत ऊर्जा सङ्कट निवारण विधेयक, |
| २०. | सङ्घीय प्रहरी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरुको व्यवस्था गर्न बनेको विधेयक, |
| २१. | राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी विधेयक, |
| २२. | अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धी विधेयक, |
| २३. | कर्मचारी समायोजन तथा व्यवस्थापन विधेयक, |
| २४. | सङ्घीय निजामती सेवाको गठन, सञ्चालन तथा सेवाका शर्त सम्बन्धी विधेयक, |
| २५. | स्थानीय तह सञ्चालन सम्बन्धी विधेयक, |

| क्र.सं. | विधेयकको नाम |
|---|---|
| २६. | प्रदेशका मुख्यमन्त्री र मन्त्रीहरुको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी विधेयक, |
| २७. | प्रदेश प्रमुखको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी विधेयक, |
| २८. | प्रदेशसभा सदस्य निर्वाचन सम्बन्धी विधेयक, |
| २९. | प्रतिनिधिसभा सदस्य निर्वाचन सम्बन्धी विधेयक, |
| ३०. | राष्ट्रियसभा सदस्य निर्वाचन सम्बन्धी विधेयक, |
| ३१. | राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी विधेयक, |
| ३२. | स्थानीय तह सञ्चालन सम्बन्धी प्रदेश विधेयक, |
| ३३. | सङ्घीय न्याय सेवा आयोगका कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी विधेयक, |
| ३४. | सरकारी वकिल तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी विधेयक। |

# अनुसूचीहरू

# नेपालको संविधान बमोजिम बनाउनु पर्ने कानूनका विषयहरूको विवरण

क) निर्माण गर्नुपर्ने सङ्घीय कानूनका विषयहरु

१. पहिलो प्राथमिकतामा रहेका विषय

| क्र.सं. | विषय | जिम्मेवार निकाय | सहयोगी निकाय | पछिल्लो अवस्था |
|---|---|---|---|---|
| १. | सङ्घ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन र सेवा प्रवाहको व्यवस्था धारा ३०२, – धारा २८५(३) | ▪ सामान्य प्रशासन<br>▪ कानून<br>▪ स्वास्थ्य मन्त्रालय<br>▪ अर्थ मन्त्रालय<br>▪ सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ अन्य मन्त्रालयको हकमा अर्थ मन्त्रालय<br>▪ लोक सेवा आयोग<br>▪ कानून मन्त्रालय | सैद्धान्तिक सहमति दिइएको। नेपाल सरकार मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृति प्राप्त भइ सामान्य प्रशासन मन्त्रालयबाट मस्यौदाको कार्य भईरहेको। |
| २. | मौलिक हक कार्यान्वयन सम्बन्धी अन्य कानून नेपालको संविधान अनुकूल नभएका कानूनको पुनरावलोकन धारा ३०४ | ▪ विषयगत सम्बद्ध सबै मन्त्रालयहरु | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | अध्ययन गरी विधेयक मस्यौदा पेश गर्न नेपाल कानून आयोगलाई जिम्मेवारी दिइएको। |
| ३. | सामाजिक वा सांस्कृतिक रुपले पिछडिएका वर्ग समुदाय र आर्थिक रुपले विपन्न नागरिकलाई विशेष संरक्षण सम्बन्धी कानून –धारा ४२ र ४३ | ▪ विषयगत सम्बद्ध सबै मन्त्रालयहरु | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ अर्थ मन्त्रालय<br>▪ कानून मन्त्रालय | एकीकृत रुपमा अध्ययन हुनु पर्ने। |
| ४. | नेपाल सरकारको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकार पत्रको प्रमाणीकरण सम्बन्धी कानून –धारा ७५(४) | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ▪ कानून मन्त्रालय | नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७२ जारी भएको। |
| ५. | राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी कानून –धारा ७२ | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ▪ अर्थ मन्त्रालय<br>▪ कानून मन्त्रालय | सैद्धान्तिक सहमति दिइएको। |

| | | | | |
|---|---|---|---|---|
| ६. | प्रधानमन्त्री र मन्त्रीको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी कानून –धारा ७९ | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ▪ अर्थ मन्त्रालय<br>▪ कानून मन्त्रालय | सैद्धान्तिक सहमति दिइएको। |
| ७. | राष्ट्रिय मानव अधिकार आयोगको गठन सम्बन्धी कानून –धारा २४९ (५) | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ▪ अर्थ मन्त्रालय<br>▪ कानून मन्त्रालय | प्रारम्भिक मस्यौदा तयार भएको। |
| ८. | लोक सेवा आयोग र कार्यविधि –धारा २४३ (९) | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ▪ अर्थ मन्त्रालय<br>▪ कानून मन्त्रालय | विधेयक व्यवस्थापिका–संसद्मा पेश भएको। |
| ९. | महाअभियोगबाट पदमुक्त हुने व्यक्तिलाई पदमा रहँदाको अवस्थामा कसूर गरेको भएमा कसूरमा कारबाही गर्ने सम्बन्धी विषय –धारा १०१(८) | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ▪ कानून मन्त्रालय | सैद्धान्तिक सहमति प्राप्त भई प्रारम्भिक मस्यौदा तयार भएको। |
| १०. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन (भ्रष्टाचार नियन्त्रण समेत) –धारा २३९ (६) | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ▪ कानून मन्त्रालय | मौजुदा ऐनमा संशोधनको लागि प्रारम्भिक मस्यौदा तयार भएको। |
| ११. | सुशासन सम्बन्धी कानून | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ▪ कानून मन्त्रालय | मौजुदा ऐनमा संशोधनको लागि मस्यौदा तयारीको लागि सुझाव सङ्कलन भएको। |
| १२. | निर्वाचन क्षेत्र निर्धारण सम्बन्धी विधेयक–धारा २८६ (५) | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ▪ अर्थ मन्त्रालय<br>▪ कानून मन्त्रालय | मस्यौदामा सहमति दिइएको। |
| १३. | सङ्घीय सञ्चित कोषबाट प्रदान गर्ने सशर्त, समपूरक र विशेष अनुदान सम्बन्धी कानून –धारा ६० (६) | ▪ अर्थ मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | सैद्धान्तिक सहमति दिइएको। |
| १४. | ऋण तथा जमानत सम्बन्धी कानून –धारा ११५(२) | ▪ अर्थ मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | सैद्धान्तिक सहमति दिइएको। |
| १५. | सङ्घीय आकस्मिक कोष ऐन –धारा १२४ | ▪ अर्थ मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | मस्यौदामा सहमति दिइएको। |

| क्र.सं. | विषय | जिम्मेवार निकाय | सहयोगी निकाय | पछिल्लो अवस्था |
|---|---|---|---|---|
| १६. | सङ्घीय आर्थिक कार्यविधि सम्बन्धी ऐन –धारा १२५ | ▪ अर्थ मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | सैद्धान्तिक सहमति दिइएको। |
| १७. | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धी कानून —धारा २५१ (३) | ▪ अर्थ मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | मस्यौदा सहमतिको क्रममा रहेको। |
| १८. | महालेखा परिक्षकको गठन, सेवा, सुविधा, शर्त सम्बन्धी ऐन—धारा २४० (७) | ▪ अर्थ मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | काम, कर्तव्य सङ्घीय लेखापरीक्षण विधेयकबाट र सेवा, सुविधा, शर्त संवैधानिक निकायमा पदाधिकारीको सेवाको शर्तबाट सम्बोधन हुने। |
| १९. | सङ्घीय लेखा परीक्षण ऐन —धारा २४१ (४) र (५) | ▪ अर्थ मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | मस्यौदा सहमतिको क्रममा रहेको। |
| २०. | उपभोक्ताको हक<br>▪ गुणस्तरीय वस्तु उपभोग गर्न पाउने हक र पीडितलाई क्षतिपूर्ति सम्बन्धी कानून –धारा ४४ | ▪ आपूर्ति मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | समिति गठन भई काम भईरहेको जानकारी प्राप्त। |
| २१. | अपराध पीडितको सामाजिक पुनः स्थापना र क्षतिपूर्ति सहितको न्याय सम्बन्धी कानून – धारा २१ | ▪ कानून मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ अर्थ मन्त्रालय | सैद्धान्तिक सहमति प्राप्त भई प्रारम्भिक मस्यौदा तयार भएको। |
| २२. | सभामुख, उपसभामुख, अध्यक्ष, उपाध्यक्ष र सङ्घीय संसदका सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी कानून – धारा १०८ | ▪ कानून मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ अर्थ मन्त्रालय | विधेयक व्यवस्थापिका–संसद्मा पेश भएको। |
| २३. | नेपालको प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी कानून –धारा १३०(२) | ▪ कानून मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ अर्थ मन्त्रालय | सैद्धान्तिक सहमति प्राप्त भई मस्यौदामा रहेका आर्थिक व्ययभारको विषयमा अर्थ मन्त्रालयको सहमतिको लागि पठाइएको। |

| | | | | |
|---|---|---|---|---|
| २४. | महान्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी कानून – धारा १५७ (५) | ▪ कानून मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ अर्थ मन्त्रालय | सैद्धान्तिक सहमति प्राप्त भई मस्यौदामा रहेका आर्थिक व्ययभारको विषयमा अर्थ मन्त्रालयको सहमतिको लागि पठाइएको। |
| २५. | उच्च अदालतका मुख्य न्यायाधीश तथा जिल्ला न्यायाधीशको पारिश्रमिक र सेवाका अन्य शर्त सम्बन्धी कानून –धारा १४१(१) र –धारा १४९(४) | ▪ कानून मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ अर्थ मन्त्रालय | सैद्धान्तिक सहमति प्राप्त भई मस्यौदामा रहेका आर्थिक व्ययभारको विषयमा अर्थ मन्त्रालयको सहमतिको लागि पठाइएको। |
| २६. | सङ्घीय न्याय सेवाका कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी कानून –धारा १५५ | ▪ कानून मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ अर्थ मन्त्रालय<br>▪ सामान्य प्रशासन मन्त्रालय<br>▪ लोक सेवा आयोग | सैद्धान्तिक सहमति प्राप्त भएको। |
| २७. | सरकारी वकील तथा महान्याधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्था –धारा १६१ | ▪ कानून मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ अर्थ मन्त्रालय<br>▪ सामान्य प्रशासन मन्त्रालय<br>▪ लोक सेवा आयोग | सैद्धान्तिक सहमति प्राप्त भएको। |
| २८. | संसदीय सुनुवाई समिति र संसदीय सुनुवाई सम्बन्धी कानून व्यवस्था –धारा १९२(२) | ▪ कानून मन्त्रालय | ▪ व्यवस्थापिका–संसद् सचिवालय | व्यवस्थापिका–संसद्को नियमावली, २०७३ जारी भएको। |
| २९. | सर्वोच्च अदालतको अधिकार क्षेत्र र कार्यविधि सम्बन्धी कानून –धारा १३३ | ▪ कानून मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ न्याय परिषद् | सर्वोच्च अदालत ऐन, २०४८ मा संशोधन तथा न्याय प्रशासन ऐन, २०७३ जारी भएको। |
| ३०. | उच्च अदालतमा न्यायाधीशको संख्या, उच्च अदालतको अधिकार क्षेत्र र कार्यविधि सम्बन्धी कानून –धारा १३९(३), १४४, १४४(४) | ▪ कानून मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ अर्थ मन्त्रालय<br>▪ न्याय परिषद् | न्याय प्रशासन ऐन, २०७३ र न्याय परिषद् ऐन, २०७३ जारी भएको। |

| क्र.सं. | विषय | जिम्मेवार निकाय | सहयोगी निकाय | पछिल्लो अवस्था |
|---|---|---|---|---|
| ३१. | जिल्ला अदालतको अधिकार क्षेत्र र कार्यविधि सम्बन्धी कानून, –धारा १५१(२) | ▪ कानून मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ अर्थ मन्त्रालय<br>▪ न्याय परिषद् | न्याय प्रशासन ऐन, २०७३ जारी भएको। |
| ३२. | जिल्ला न्यायाधीशको नियुक्ति सम्बन्धी कानून–धारा १४९ | ▪ कानून मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ न्याय परिषद् | न्याय परिषद् ऐन, २०७३ र न्याय सेवा आयोग ऐन, २०७३ जारी भएका। |
| ३३. | न्याय प्रशासन सम्बन्धी विषय (अदालतको अवहेलना समेत) –धारा १५६ र धारा १२८(४) | ▪ कानून मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ न्याय परिषद् | न्याय प्रशासन ऐन, २०७३ जारी भएको। |
| ३४. | न्याय परिषद सम्बन्धी विषय –धारा १५३ | ▪ कानून मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ न्याय परिषद् | न्याय परिषद् ऐन, २०७३ जारी भएको। |
| ३५. | राष्ट्रपति र उपराष्ट्रपति, प्रधानन्यायाधीश र सर्वोच्च अदालतका न्यायाधीश, संवैधानिक निकायका पदाधिकारीहरुको महाभियोग सम्बन्धी कार्यविधि कानून –धारा १०१(१), १०१(२) | ▪ कानून मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | व्यवस्थापिका–संसद्को नियमावली, २०७३ बाट व्यवस्था भएको साथै विस्तृत व्यवस्था सहितको बेग्लै विधेयकको लागि नेपाल कानून आयोगबाट प्रारम्भिक मस्यौदा प्राप्त भएको। |
| ३६. | नागरिकता सम्बन्धी कानून<br>▪ नागरिकता प्राप्ति, पुनः प्राप्ति समाप्ति धारा १३<br>▪ गैर आवासीय नेपाली नागरिकता –धारा १४<br>▪ नेपाली नागरिकको परिचय खुल्ने अभिलेख–धारा १५ | ▪ गृह मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | मस्यौदा तयार भई गृह मन्त्रालयबाट छलफलको काम भईरहेको। |
| ३७. | यातनालाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्ति सम्बन्धी कानून –धारा २२ | ▪ गृह मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय<br>▪ अर्थ मन्त्रालय | व्यवस्थापिका–संसद्मा विधेयक पेश भएको। |

| | | | | |
|---|---|---|---|---|
| ३८. | निवारक नजरबन्दलाई दण्डनीय बनाइ पीडितलाई क्षतिपूर्ति सम्बन्धी कानून –धारा २३ को उपधारा (१) र (३) | ▪ गृह मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय<br>▪ अर्थ मन्त्रालय | सार्वजनिक सुरक्षा (तेस्रो संशोधन) विधेयकको मस्यौदामा सहमति दिइएको। |
| ३९. | शोषण विरुद्धको हक सम्बन्धी<br>▪ विभिन्न स्वरुपका शोषणलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्ति सम्बन्धी कानून –धारा २९ | ▪ गृह मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय<br>▪ अर्थ मन्त्रालय | एकीकृत रुपमा अध्ययन हुनु पर्ने। |
| ४०. | निर्वाचन आयोग सम्बन्धी –धारा २४५ | ▪ गृह मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय<br>▪ अर्थ मन्त्रालय | व्यवस्थापिका–संसद्मा विधेयक पेश भएको। |
| ४१. | राजनीतिक दल सम्बन्धी (दर्ता तथा दल त्याग समेत) – धारा ८९(ङ), १८० (ङ), धारा २७१ र धारा २७२ | ▪ गृह मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | व्यवस्थापिका–संसद्मा विधेयक पेश भएको। |
| ४२. | मतदाता नामावली सम्बन्धी –धारा २४६(१) | ▪ गृह मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | व्यवस्थापिका–संसद्मा विधेयक पेश भएको। |
| ४३. | निर्वाचन कसूर र सजाय सम्बन्धी | ▪ गृह मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | मस्यौदा सहमतिको क्रममा रहेको। |
| ४४. | प्रदेशसभाको निर्वाचन – धारा २४६(१) | ▪ गृह मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | सैद्धान्तिक सहमति प्राप्त भई निर्वाचन आयोगमा मस्यौदा तयारीको क्रममा रहेको |
| ४५. | स्थानीय निकाय निर्वाचन कार्यविधि सम्बन्धी—धारा ३०३ | ▪ गृह मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | व्यवस्थापिका–संसद्मा विधेयक पेश गर्न संशोधन मस्यौदा स्वीकृत भएको। |

| क्र.सं. | विषय | जिम्मेवार निकाय | सहयोगी निकाय | पछिल्लो अवस्था |
|---|---|---|---|---|
| ४६. | प्रतिनिधि सभाको निर्वाचन सम्बन्धी कानून (सङ्कटकालीन अवस्थामा प्रतिनिधिसभाको कार्यकाल थप सम्बन्धी समेत)–धारा ८४(९)र ८५(२) | ▪ गृह मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | सैद्धान्तिक सहमति प्राप्त भई निर्वाचन आयोगबाट मस्यौदा तयारीको क्रममा रहेको। |
| ४७. | राष्ट्रिय सभाको निर्वाचन सम्बन्धी कानून –धारा ८६(६) | ▪ गृह मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | सैद्धान्तिक सहमति प्राप्त भई निर्वाचन आयोगबाट मस्यौदा तयारीको क्रममा रहेको। |
| ४८. | स्थानीय तहको निर्वाचन सम्बन्धी कानून – धारा २४६ | ▪ गृह मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | स्थानीय तहको निर्वाचन सम्बन्धी विधेयक बाट सम्बोधन हुने र त्यसको मस्यौदा सहमति दिइएको। |
| ४९ | राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी कानून –धारा ६२ | ▪ गृह मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | सैद्धान्तिक सहमति प्राप्त भई निर्वाचन आयोगबाट मस्यौदा तयारीको क्रममा रहेको। |
| ५०. | राष्ट्र हित प्रतिकूलको आचरणलाई दण्डनीय बनाउने, —धारा ५ (२) | ▪ गृह मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | व्यवस्थापिका–संसद्मा विधेयक पेश भएको अपराध संहिताको व्यवस्थाबाट संम्बोधन गर्न सकिने। |
| ५१. | माफी मुल्तवी सम्बन्धी कानून –धारा २७६ | ▪ गृह मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | गृह मन्त्रालयबाट गृहकार्य भईरहेको। व्यवस्थापिका–संसद्मा विधेयक पेश भएको फौजदारी कार्यविधि संहिताको व्यवस्थाबाट पनि संशोधन हुन सक्ने। |
| ५२. | वातावरण सम्बन्धी कानून – धारा ३०<br>▪ स्वच्छ वातावरण सम्बन्धी कानून<br>▪ वातावरण प्रदूषण गर्ने कार्यलाई दण्डनीय बनाइ पीडितलाई क्षतिपूर्ति सम्बन्धी कानून | ▪ जनसंख्या तथा वातावरण मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | वातावरण मन्त्रालयबाट अध्ययन भईरहेको। |

| | | | | |
|---|---|---|---|---|
| ५३. | बालबालिका सम्बन्धी कानून<br>पीडित बालबालिकाको क्षतिपूर्ति पाउने हक सम्बन्धी कानून —धारा ३९ | ▪ महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय<br>▪ अर्थ मन्त्रालय | विधेयक मस्यौदा तयार भई महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा छलफलको क्रममा रहेको। |
| ५४. | महिलाको विशेष अवसर सम्बन्धी कानून<br>महिला हिंसालाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्ति सम्बन्धी कानून- धारा ३८ | ▪ महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय<br>▪ अर्थ मन्त्रालय | विस्तृत अध्ययन हुनु पर्ने। |
| ५५. | ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा सम्बन्धित कानून — धारा ४१ | ▪ महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय<br>▪ अर्थ मन्त्रालय | कानून आयोगबाट संशोधनको मस्यौदा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा पेश भएको। |
| ५६. | राष्ट्रिय महिला आयोग सम्बन्धी कानून — धारा २५३ (३) | ▪ महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय<br>▪ अर्थ मन्त्रालय | विधेयक व्यवस्थापिका-संसद्मा दर्ता भएको। |
| ५७. | द्वन्द्व पीडित, अपाङ्गता भएका, घाइते, बेपत्ता व्यक्तिका परिवारको सुविधा, सुरक्षा र विशेष अवसर सम्बन्धी कानून सामाजिक सुरक्षा सम्बन्धी कानून— धारा ४२ (५) | ▪ शान्ति तथा पुनर्निमाण मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय<br>▪ अर्थ मन्त्रालय | बेपत्ता पारिएको व्यक्ति तथा सत्य निरुपण आयोग ऐन, २०७१ बाट संबोधन हुने तथा सो संशोधनको लागि मस्यौदा तयारीको कार्य भईरहेको। |
| ५८. | आधारभूत शिक्षा अनिवार्य गर्ने तथा मातृभाषामा शिक्षा पाउने, शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने सम्बन्धी कानून—धारा ३१ | ▪ शिक्षा मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय<br>▪ अर्थ मन्त्रालय | शिक्षा (आठौं संशोधन) ऐन, २०७३ जारी भएको |

| क्र.सं. | विषय | जिम्मेवार निकाय | सहयोगी निकाय | पछिल्लो अवस्था |
|---|---|---|---|---|
| ५९. | दलितको हक सम्बन्धी कानून –धारा ४०<br>▪ दलितलाई छात्रवृत्ति सहित निःशुल्क शिक्षा सम्बन्धी कानून<br>▪ प्राविधिक र व्यावसायिक उच्च शिक्षामा विशेष व्यवस्था गर्ने कानून<br>▪ दलितको प्रतिनिधित्व सम्बन्धी कानून | ▪ शिक्षा मन्त्रालय<br>▪ सङ्घीय मामिला तथा स्थानीय विकास | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय<br>▪ अर्थ मन्त्रालय<br>▪ गृह मन्त्रालय | शिक्षा सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐनको विधेयक मस्यौदा अर्थ मन्त्रालयको सहमति माग गरिएको जानकारी प्राप्त भएको।<br>दलितको प्रतिनिधित्वको विषय निर्वाचन सम्बन्धी कानूनबाट संबोधन गर्न सकिने। |
| ६०. | भाषा आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि–धारा २८७ (९) | ▪ संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय<br>▪ अर्थ मन्त्रालय | विधेयक मस्यौदामा तर्जुमा सहमति दिइएको। |
| ६१. | सबै प्रकारका छुवाछुत तथा भेदभावलाई दण्डनीय बनाउने र क्षतिपूर्ति सम्बन्धी कानून –धारा २४ | ▪ सङ्घीय मामिला तथा स्थानीय विकास | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय<br>▪ अर्थ मन्त्रालय | जातीय भेदभाव तथा छुवाछुत कसूर र सजाय ऐन, २०६८ मा संशोधन गर्ने विधेयकको मस्यौदामा सहमति दिइएको। |
| ६२. | सङ्घ, प्रदेश र स्थानीय तहले राज्य शक्तिको प्रयोग गर्ने कार्यविधि सम्बन्धी कानून –धारा ५६ (२) | ▪ सङ्घीय मामिला तथा स्थानीय विकास | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | सम्बन्धित विभिन्न कानूनबाट संबोधन हुने विषय भएको। |
| ६३. | स्थानीय तह अन्तर्गतका गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्बन्धी कानून –धारा ५६ (४) र (५) | ▪ सङ्घीय मामिला तथा स्थानीय विकास | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | सैद्धान्तिक सहमति प्राप्त भएको। |
| ६४. | राष्ट्रिय दलित आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोग, राष्ट्रिय समावेशी आयोग, सङ्घीय आयोग<br>–धारा २५५, २५८, २५९,२६१, २६२, २६३, २६४ | ▪ सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय<br>▪ अर्थ मन्त्रालय | विधेयकहरु व्यवस्थापिका–संसद्मा पेश भएको। |

| | | | | |
|---|---|---|---|---|
| ६५. | राष्ट्रिय सुरक्षा परिषद सम्बन्धी अन्य व्यवस्था —धारा २६६ (४) | ■ रक्षा मन्त्रालय | ■ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>■ कानून मन्त्रालय<br>■ अर्थ मन्त्रालय | विधेयक व्यवस्थापिका-संसद्मा पेश भएको। |
| ६६. | सङ्घीय सरकारी सेवाको गठन र सञ्चालन सम्बन्धी कानून—धारा २८५ | ■ सामान्य प्रशासन<br>■ कानून मन्त्रालय<br>■ स्वास्थ्य मन्त्रालय<br>■ अर्थ मन्त्रालय<br>■ सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>■ शहरी विकास मन्त्रालय | ■ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>■ कानून मन्त्रालय<br>■ अर्थ मन्त्रालय<br>■ लोक सेवा आयोग | सैद्धान्तिक सहमति दिइएको। नेपाल सरकार मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृति प्राप्त भइ सामान्य प्रशासन मन्त्रालयबाट मस्यौदाको कार्य भइ रहेको। |

## २. दोस्रो प्राथमिकतामा रहेका विषय

| क्र.सं. | विषय | जिम्मेवार निकाय | सहयोगी निकाय | पछिल्लो अवस्था |
|---|---|---|---|---|
| १. | कृषकको अधिकार सम्बन्धी कानून –धारा ४२(४) | ■ कृषि विकास मन्त्रालय | ■ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>■ कानून मन्त्रालय<br>■ अर्थ मन्त्रालय | – |
| २. | नेपाल सरकारको कार्यसम्पादन र कार्यविभाजन नियमावली –धारा ८२ (१) | ■ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ■ सबै मन्त्रालय | नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७२ जारी भएको। नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ कार्यान्वयनमा रहेको। |
| ३. | संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक र सेवाका अन्य शर्त सम्बन्धी कानून सुविधा (संवैधानिक अयोग सम्बन्धित विभिन्न धाराहरु) | ■ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ■ कानून मन्त्रालय<br>■ अर्थ मन्त्रालय | सैद्धान्तिक सहमति दिइएको। |

| क्र.सं. | विषय | जिम्मेवार निकाय | सहयोगी निकाय | पछिल्लो अवस्था |
|---|---|---|---|---|
| ४. | प्रदेश प्रमुखको पारिश्रमिक र सेवाका अन्य शर्त सम्बन्धी कानून –धारा १६३(२), १६७, १६६<br>▪ प्रदेश प्रमुखको नियुक्ति, शपथ, काम, कर्तव्य सम्बन्धी कानून<br>▪ प्रदेश प्रमुखको पारिश्रमिक सम्बन्धी कानून | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ▪ कानून मन्त्रालय<br>▪ अर्थ मन्त्रालय | सैद्धान्तिक सहमति दिइएको।<br>सेवा शर्त सम्बन्धी ऐनबाट समेत सम्बोधन हुने। |
| ५. | प्रदेशका मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी कानून –धारा १७१ | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ▪ कानून मन्त्रालय<br>▪ अर्थ मन्त्रालय | सैद्धान्तिक सहमति दिइएको। |
| ६. | सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा वित्तीय अनुशासन सम्बन्धी कानून –धारा ५९(७) | ▪ अर्थ मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | सैद्धान्तिक सहमति दिइएको। |
| ७. | प्रदेश र स्थानीय तहको बजेट (पेश गर्ने समय) सम्बन्धी कानून –धारा ५९(३) | ▪ अर्थ मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | सैद्धान्तिक सहमति दिइएको। |
| ८. | सङ्घीय सञ्चित कोषबाट प्रदान गर्ने सशर्त, समपूरक र विशेष अनुदान सम्बन्धी कानून | ▪ अर्थ मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानून मन्त्रालय | सैद्धान्तिक सहमति दिइएको। |
